अदालतले भर्ने
दर्ता नं. …………………....
दर्ता मिति ……………......

# श्री काठमाडौं जिल्ला अदालतमा

## सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २२(२) बमोजिम दायर गरेको

**अभियोग पत्र**

**आ.व.२०८१/०८२ सालको निर्णय नम्बरः-**

**नेपाल धितोपत्र बोर्ड नियमन विभाग,खुमलटार ललितपुरको पत्रले नेपाल सरकार.................वादी**

**विरुद्ध:**

लाल प्रसाद प्रधानको नाति हिरालाल प्रधानको छोरा बागमती प्रदेश, चितवन जिल्ला भरतपुर न.पा. वडा नं.३ स्थायी ठेगाना भई हाल काठमाडौँ जिल्ला का.म.न.पा वडा नं. ३३ डिल्लीबजार बस्ने बर्ष ६३ को **ज्ञानेन्द्र लाल प्रधान** (७००९/चितवन)(मो.नं. ९८५१०२१२२२).............१ — **प्रतिवादी**

**मुद्दा: सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) ।**

**मुद्दाको संक्षिप्त तथ्य:**

१. **कसूरको सूचना प्राप्त भएको वा उजुरी प्राप्त भएको मिति र समय:**

नेपाल धितोपत्र बोर्ड नियमन बिभाग, खुमलटार, ललितपुरको जानकारी गराइएको सम्बन्धमा पत्रानुसार बादी नेपाल सरकार प्रतिवादी काठमाडौँ जिल्ला डिल्लीबजार बस्ने ज्ञानेन्द्रलाल प्रधान भएको धितोपत्र जालसाजीयुक्त कारोवार गरेको (धितो पत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गतको कसुर) मा काठमाडौँ जिल्ला अदालतमा अभियोग पत्र (मुद्दा दर्ता नं.०७९-C२-०१८३) दर्ता गरिएको जानकारी भनी लेखी आएको पत्रलाई सुचनाको रुपमा संपत्ति शुद्धीकरण अनुसन्धान विभागमा दर्ता गरिएको ।

२. **उजुरीको छोटकरी व्यहोराः-**

नेपाल हाइड्रो डेभलोपर लिमिटेडको तत्कालीन अध्यक्ष ज्ञानेन्द्र लाल प्रधानले आफ्नो परिवारको सदस्य मार्फत सो कम्पनीको शेयर दोस्रो बजारमा खरिद बिक्री गरेको सम्बन्धमा विभिन्न अनलाइनहरुमा बिभिन्न मितिमा समाचार प्रकाशन भएको भन्ने आधारमा बोर्डको सहायक निर्देशकबाट अनुसन्धान गरी निज ज्ञानेन्द्रलाल प्रधानले स्वयम् आफ्नो शेयर बिक्री नगरेता पनि परिवारको सहयोग लिई शेयर बिक्री गर्ने कार्य सफा मनसायले गरेको देखिएन। निज ज्ञानेन्द्र लाल प्रधानले धितोपत्र लगायतका छिद्र प्रयोग गरी श्रीमती, छोरा तथा छोरीको नाममा शेयर बिक्री गरेको अवस्था देखिंदा संस्थागत गतिबिधि (Corporatic Action) भन्दा पनि बजार मूल्यबाट लाभ लिने गरी कारोवार गरेको देखिई धितोपत्र ऐन, २०६३ दफा ९७ र ९८ बिपरीतको बजारमा जालसाजीयुक्त कारोवार गरेको भन्ने समेतका व्यहोराको उजुरी।

३. **प्रतिवादी ज्ञानेन्द्र लाल प्रधानको बयान:**

मैले नेपाल हाइड्रो डेभलपर लि .को अध्यक्ष हुँदा र सो पदबाट म हटी सकेपछि मेरा नाउँमा रहेको सो कम्पनीको शेयर मेरो श्रीमती विमला श्रेष्ठ प्रधानका नाउँमा मिति २०७८/४/१४ मा ३०५०० कित्ता घरायसी नामसारी गरी विभिन्न मितिमा विक्री गरेको भनिएकोमा मैले विक्री गरेको नभई मेरा छुटाभिन्ना भएका छोराहरु चेतन प्रधान तथा छोरी निभिता प्रधानको नाममा मिति २०७८/४/१४ गते र २०७८/६/५ मा अंश वापत उक्त कम्पनीको शेयर नामसारी गरिदिएको हुं।निजहरुले सो शेयर विक्री गरेक हुन् वा के के गरेका हुन् भन्ने बारेमा मलाई जानकारी छैन। सो शेयर नामसारी हुनु करिव डेढ बर्ष अघि मैले सो कम्पनीको अध्यक्ष पदबाट राजिनामा दिएको हुँ तर विभिन्न कारणले स्वीकृत भने भएको थिएन। मेरो नामबाट निजहरुका नाउँमा उक्त शेयर नामसारी भए पश्चात् सो शेयर निजहरुले विक्री गरेका हुन्। मैले निजहरुलाई उक्त शेयर पारिवारिक रुपमा अंशवापत दिएको हुँ। मैले पुर्ख्यौली सम्पत्ति मेरा सन्ततिलाई हक हस्तान्तरण गरेको अबस्था र निजहरुले नै विक्री गरी सोबाट आर्जित रकम समेत निजहरुले नै प्राप्त गरी प्रयोग गरेको हुनाले मैले धितोपत्रको भित्री कारोवार गरेको नभई मैले अंशबण्डा दिएको हुँ। मैले भित्री सूचनामा रहेको पहुँचको दुरुपयोग गरेको होइन।

उक्त शेयरमा मैले गरेको लगानी रकम कुनै अपराधिक आर्जन होइन। मलाई नेपाल धितोपत्र बोर्डले धितोपत्रको जालसाजीयुक्त कारोवार गरेको अभियोगमा प्रशासनिक कारवाही स्वरुप रु . ७५,०००।–जरिवाना गरी यसै अभियोगमा पुनः मुद्दा अभियोजन गरेको अवस्था हो। मैले गलत कार्य गरी कुनै सम्पत्ति आर्जन गरी लाभ लिने मनसायले सो कारोवार गरेको नभई मैले मेरा नाउको नेपाल हाइड्रो डेभलपर लि .को शेयर मेरा परिवारका मानिसका नाउँमा अंशण्डा वापत कानुनी रुपमा नामसारी गरिदिएको हुँ। शेयर विक्री गर्ने कार्य मेरा परिवारका सदस्यले गरेको हुनाले मैले सम्पत्ति शुद्धीकरणको कसूर गरेको छैन।मैले मिति २०७६/१२/२६ मा उक्त हाइडोको अध्यक्ष र संचालकबाट पहिलो राजिनामा दिएकोमा अन्य बोर्ड सदस्यहरु देश वाहिर रहेकाले मेरो उक्त राजिनामा स्वीकृत हुन सकेन। म नेपाल हाइड्रो डेभलपर लि .को मिति २०७१/४/९ देखि २०७८/५/१३ सम्म संचालक अध्यक्ष रहेको हुँ। मैले सो अवधि अघि र पछि समेत मैले आफ्ना नाउँको उक्त कम्पनीको ४३८७५० कित्ता

शेयर मिति २०७८/४/१४ र संचालक अध्यक्षबाट हटे पश्चात् २०७८/६/५मा अंश लिई भिन्न भई सकेका छोरी तथा छोराको नाममा ९१५०० कित्ता शेयर विना मूल्य अंश  नामसारी गरेको हुँ । निजहरुले सो शेयर के कुन मितिमा को कस्लाई के कति मूल्यमा विक्री गरे भन्ने कुरा मलाई थाहा छैन। सोबमोजिम गरेको कारोवार नेपाल धितोपत्र सम्बन्धी ऐन ,२०६३ को दफा ९७ ,९८ ,९९ र १०० समेतको प्रतिकूल भई ऐ. दफा १०१(३) अनुसारको कसूर गरेको अभियोगमा धितोपत्रको जालसाजीयुक्त कारोवार गरेको कसूर मुद्दा अभियोजन भई हाल विचाराधीन अबस्थामा रहेको छ। उक्त शेयर मेरा परिवारका सदस्यहरुलाई प्रयोग गरी लाभ लिने मनसायले विक्री गरेको नभई मैले विना मूल्य अंशबण्डा दिएको हुँ। मालपोत कार्यालयबाट बण्डापत्र पास गरेको छु। सिडिएस क्लियरिङमा समेत अंशबण्डावापत भनी व्यहोरा लेखी लेखाई नामसारी भएको छ । उक्त शेयर विक्रीमा म प्रत्यक्षतः संलग्न भएको होइन । उक्त शेयर मबाट अंश लिएपछि मेरो श्रीमती, छोरा र छोरीले गरेका हुन्। सो विक्रीबाट मैले लाभ लिएको होइन। सो रकम मैले व्यक्तिगत रुपमा थप लाभका लागि प्रयोग गरेको छैन । त्यसैले मैले शेयरको जालसाजियुक्त कारोवार गरी सोबाट आर्जन गरेको सम्पत्ति शुद्धीकरण गरेको भन्न मिल्दैन । मेरो नाउँमा अन्य कम्पनीको समेत शेयर रहेकाले मैले शेयर विक्री नै गर्नु पर्ने अबस्था भएमा अन्य कम्पनीको विक्री सक्थे। कारोवार गरेको नभई अंशबण्डा दिएको हुँ। त्यसैले मैले उक्त कसूरबाट सम्पत्ति आर्जन गरी सम्पत्ति शुद्धीकरण गरेको भन्न मिल्दैन भन्ने समेतको व्यहोराको प्रतिवादी ज्ञानेन्द्र लाल प्रधानको बयान।

४. **निभिता प्रधानको बयान:**

मेरा नाउँमा नेपाल हाइड्रो डेभलपर लि .को सोधनी भए अनुसारको शेयर बाबु ज्ञानेन्द्र लाल प्रधानबाट अंशवापत प्राप्त शेयर हो। मैले मूल्य लगानी गरी खरिद गरेको होइन। सो शेयर मेरा नाउँमा अंशबण्डा वापत नामसारी गरी आएको शेयर भएको हुनाले विक्री गर्न मिल्छ भन्ने ठानी मैले आफ्नो पैतृक हकको शेयर विक्री गरेको हुँ। यो शेयर मैले घरायसी व्यवहार मिलाउनका लागि विक्री गरेको हुँ। म र मेरो बाबु ज्ञानेन्द्र लाल प्रधानको संयुक्त रुपमा धेरै व्यबसायमा लगानी रहेकाले आपसमा लेनदेन भई रहन्छ। उक्त शेयर मैले शेयरको भित्री कारोवारमा पहुँच कायम गरी अस्वाभाविक किसिमले लाभ लिने मनसाय र शेयरको जालसाजीयुक्त कारोवार गरी सम्पत्ति शुद्धीकरण गर्ने मनसायले सो शेयर विक्री गरेको होइन। मेरो पैतृक सम्पत्तिको कारोवार गर्न पाउने हक मसँग भएको संझी मैले मेरो आवश्यकता अनुसार सो शेयर विक्री गरेको हुँ। मैले सम्पत्ति शुद्धीकरणको कसूर गरेको छैन। उक्त शेयर मैले मेरा नाममा कुनै गैरकानूनी कार्य गरी प्राप्त गरेको नभई बाबुबाट अंशवापत प्राप्त गरेको मेरो पैतृक शेयर हो। मैले अंश पाएको हुनाले विक्री गर्न मिल्छ भन्ने ठानी विक्री गरेको हुँ। मैले कुनै गैरकानुनी कार्य गरेको छैन। मेरा नाउँमा रहेको सो नेपाल हाइड्रो डेभलपर लि .को शेयरको शुरु खरीदको स्रोत विवादमा आएको छैन। उक्त स्रोत  गैरकानुनी होइन। मैले पारिवारिक रुपमा अंशबण्डाबाट प्राप्त गरेको शेयर विक्री गरेको हुँ।। सामान्य प्रक्रियागत कुराहरु नमिलेको हुन सक्छ। मैले कसूर गर्ने खराव भावना लिई उक्त कारोवार गरेको होइन।  मैले अंशबण्डाबाट उक्त शेयर बाबुबाट प्राप्त गरेको हुँ। बुबा ज्ञानेन्द्र लाल प्रधानको भित्री सूचनामा रहेको पहुँचको गलत फाइदा उठाई मैले सो शेयर विक्री गरेको होइन। मेरा

बाबुलाई मैले सरसापटी वापतको रकम फिर्ता गरेको हुँ ।कम्पनीहरुमा दिएको रकम व्यावसायको प्रयोजनका लागि दिएको रकम हो । यस प्रकारको कारोवार हामी परिवारका सदस्यहरु वीच भई रहन्छ भन्ने भन्ने समेतका व्यहोराको निभिता प्रधानको बयान।

५. **विमला श्रेष्ठको बयान:**

मेरो श्रीमान ज्ञानेन्द्रलाल प्रधान धैरै कम्पनीमा आवद्ध हुनु भएकोले कुन कुन पदमा संलग्न हुनुहुन्छ मलाई जानकारी छैन । नेपाल हाइड्रो डेभलपर लि .को शेयर मिति २०७८/४/१४ मा ३०५०० कित्ता घरायसी नामसारी गरी विभिन्न मितिमा विक्री गरेको भनिएकोमा मैले उक्त शेयर मेरो श्रीमानबाट छुटाभिन्ना भएका छोराहरु चेतन प्रधान तथा छोरी निभिता प्रधानलाई छोरा छोरीलाई अंश बण्डा गर्ने क्रममा मेरो नाममा समेत घरायसी नामसारी भई प्राप्त गरेको उक्त शेयर मिति २०७८/४/१४ गते र २०७८/६/५ नामसारी भई प्राप्त गरेको हो । उक्त शेयरहरु मैले विभिन्न मितिमा विक्रि गरेको हो । मैले मेरो श्रीमानबाट प्राप्त भित्री सूचनामा रहेको पहुँचको दुरुपयोग गरेको छैन । उक्त शेयरबाट प्राप्त गरेको रकम कुनै अपराधिक आर्जन होइन । मैले गलत कार्य गरी कुनै सम्पत्ति आर्जन गरी लाभ लिने मनसायले सो कारोवार गरेको नभई नेपाल हाइड्रो डेभलपर लि .को शेयर पैत्रिक सम्पत्तीको रुपमा प्राप्त गरेको हुँ । उक्त शेयर विक्री गर्ने कार्य गरेकोले मैले सम्पत्ति शुद्धीकरणको कसूर गरेको छैन । मैले मेरो शेयर बिना मूल्य श्रीमानबाट घरायसी नामसारीबाट प्राप्त गरेको र उक्त शेयर विक्रि गरेको सम्बन्धमा कुनै अतिरिक्त लाभ लिने मनसायले विक्री गरेको नभई मैले व्यापार व्यवसायमा लगानी गर्ने मनसायले विक्रि गरेको हो । नेपालको प्रचलित कानुन अनुसार मालपोत कार्यालयबाट घरायसी नामसारी गरी लिएको हो । सिडिएस क्लियरिङमा समेत घरायसी नामसारी भनी व्यहोरा लेखी लेखाई नामसारी भएको छ । त्यसैले मैले मेरो श्रीमान तथा मेरो परिवार कसैले पनि शेयरको जालसाजियुक्त कारोवार गरेको छैन । मैले पैत्रिक रुपमा प्राप्त गरेको शेयर विभिन्न मिति मा रु .१८५०७२९४७।९० विक्रि गरेको विषयलाई सम्पत्ति शुद्धीकरण गरेको भन्न मिल्दैन ।

मैले नेपाल हाईड्रो डेभलपर प्रा लि को शेयर प्रचिलित कानुन बमोजिम विना मूल्य घरायसी नामसारीबाट प्राप्त गरी उक्त शेयरहरु बजारमा प्राप्त हुने मूल्यका आधारका स्वतन्त्र रुपमा विक्रि वितरण गरेको हो । शेयर बजारलाई प्रभावित गरी अतिरिक्त आय आर्जन गर्ने कुनै मनसाय नराखी प्रचलित कानुन र धितोपत्र ऐन नियमको परिधिभित्र रही विक्रि गरी उक्त आयमा नेपाल सरकारलाई पूँजीगत लाभ समेत भुक्तानी गरेको छु । कानुन बमोजिम प्राप्त गरेको शेयरबाट प्राप्त आयलाई नेपाल सरकारलाई कर भुक्तानी गरी उक्त रकमलाई मैलै आर्थिक योजना र आर्थिक निर्णय गर्ने सवालमा स्वतन्त्र रही उक्त रकमहरु मेलै मेरो श्रीमान छोरा छोरी तथा परिवार संलग्न रहेको विभिन्न कम्पनीमा हस्तान्तरण गरेको विषयलाई सम्पत्ति शुद्धीकरण गरेको भन्न मिल्ने कुनै आधार र कारण छैन । मैले दोस्रो बजारको धितोपत्र कारोवारबमा स्वतन्त्र निर्णय गर्न सक्ने अवस्था रहेको सन्दर्भमा मैले विक्रि गरेको शेयरको कारणले धितोपत्र बजारममा प्रभावित हुने र भित्रि कारोवार गर्ने अवस्था रहदैन । मेरो श्रीमान २० भन्दा बढी कम्पनीमा संलग्न रहने अवस्थाले कुन कम्पनीमा के हैसियतमा रहनु भएको मलाई जानकारी भएन। त्यस वाहेक मेरो व्यवसायिक तथा पेवा लगायतका आयबाट लगायत विभिन्न स्रोतबाट प्राप्त

हुने आयलाई समेत लगानी गरी आम्दानी गरेको अवस्था र धितोपत्र बजारमा भएको कारोबारको व्यवसायिक इतिहासमा कुनै कारवाही र जरिवाना समेत नपरेको आवस्थामा मैले जानजानी कुनै दुरासययुक्त मनसाय राखी कारोवार समेत नगरेको अवस्थामा मैले र मेरो परिवारले सम्पत्ति शुद्धीकरण गरेको भन्न आधार रहदैनभन्ने समेतका व्यहोराको **विमला श्रेष्ठको** बयान।

६. **चेतन प्रधानको बयान:**

मेरो नाउँमा नेपाल हाइड्रो डिभलोपर प्रा.लि.को सोधनी भए अनुसारको शेयर बाबु ज्ञानेन्द्र लाल प्रधानबाट अंशवापत प्राप्त शेयर हो। मैले खरिद गरेको होईन। बुवा उक्त कम्पनीमा कै हैसियतमा हुनहुन्छ मलाई थाहा छैन। उक्त कम्पनीको शेयर मेरो नाउँमा अंशबण्डा वापत नामसारी गरी आएको शेयर भएकोले बिक्री गर्न मिल्छ भन्ने ठानी मैले आफ्नो पैत्रीक हकको अंशबात प्राप्त शेयर बिक्री गरेको हुँ। म र मेरो बुवा ज्ञानेन्द्रलाल प्रधानको संयुक्त रुपमा धेरै व्यवसायमा लगानी रहेकाले आपसमा घरायी लेनदेन भईरहन्छ। मैले कुनै जालसाजीयुक्त कारोवार गर्ने मनसायले बिक्री गरेको होईन। मैले सम्पत्ति शुद्धीकरण गरेको छैन। मेरो बुवा ज्ञानेन्द्रलाल प्रधान विभिन्न कम्पनीमा आवद्ध हुन भएको एकिन नभएको अवस्थामा नेपाल हाईड्रो डेभलोपर लि मा उँहाको आवद्धता वारे मलाई थाहा छैन। अंश वापत प्राप्त गरेको सम्पत्तिलाई मैले विक्रि गरेको हो। मेरो एकल हक लाग्ने सम्पत्ति विक्रि गरी प्राप्त उक्त रकम परिवार संलग्न रहेको विभिन्न कम्पनीमा सापटी र लगानी बापत दिएको हो। मैले सम्पत्ती शुद्धीकरण गर्ने कुनै कार्य गरेको छैन।मेरो बुवाको नेपाल हाईड्रो डेभलपर लि. मा रहेको संलग्नता वारे मलाई छानकारी छैन। उक्त शेयर मैले अंश वापत प्राप्त गरेको माथि बयानमा उल्लेख गरिसकेको छु। परिवारबाट छुट्टा भिन्न भई सकेको अवस्था तथा विभिन्न धितोपत्र बजारमा सुचीकृत नभएको कम्पनीहरुमा बुवासंग शेयरधनीको रुपमा संलग्न रहेकोले उक्त कारोवारहरु हुन गएको हो। पछि बुवासँग धितोत्रपमा सुचीकृत कम्पनीमा समेत संलग्न रहेको छु।कम्पनीको वित्तिय कारोवार शेयर पुँजी थप गर्ने लगायतका आर्थिक विषय भएकोले मेरो उक्त कारोवार देखिएको हो। मेरो बुबाको नेपाल हाईड्रोको शेयर विक्रि गर्ने कुनै मनसाय नभएको तथा म उक्त शेयर विक्रि गर्ने प्रबन्धको रुपमा नभई मेरो स्वतन्त्र आर्थिक निर्णयको आधारमा उक्त शेयर विक्रि गरेको हो भन्ने समेतका व्यहोराको **चेतन प्रधानको** बयान।

७. **भित्री कारोवार सम्बन्धमा धितोपत्र वोर्डको प्रतिवेदनमा उल्लेखित तथ्यहरु:**

नेपाल धितोपत्र बोर्ड नियमन बिभाग, खुमलटार, ललितपुरको जानकारी गराइएको सम्बन्धमा पत्रानुसार काठमाडौँ जिल्ला डिल्लीबजार बस्ने ज्ञानेन्द्रलाल प्रधान भएको धितोपत्र जालसाजीयुक्त कारोवार गरेको (धितो पत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गतको कसूर) मा काठमाडौँ जिल्ला अदालतमा अभियोग पत्र (मुद्दा दर्ता नं.०७९-C२-०१८३) दर्ता गरिएको जानकारी भनी लेखि आएको पत्रलाई सुचना/उजुरीको रुपमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा दर्ता गरिएको छ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट विवरण तथा जानकारी अनुसन्धान गर्दा नेपाल हाइड्रो डेभलपर लिमिटेडका तत्कालीन अध्यक्ष ज्ञानेन्द्र लाल प्रधानले आफ्नो परिवारको सदस्यहरु निजको श्रीमती बिमला श्रेष्ठ प्रधान छोरा चेतन प्रधान, छोरी निभिता प्रधान मार्फत सो कम्पनीको शेयर दोस्रो

बजारमा खरिद बिक्री गरेको सम्बन्धमा विभिन्न अनलाइनमा बिभिन्न मितिमा समाचार प्रकाशन भएको भन्ने आधारमा बोर्डको सहायक निर्देशकबाट अनुसन्धान गरी निज ज्ञानेन्द्रलाल प्रधानले स्वयम् आफ्नो शेयर बिक्री नगरेता पनि परिवारको सहयोग लिई शेयर बिक्री गर्ने कार्य सफा मनसायले गरेको देखिएन । आरोपित व्यक्ति ज्ञानेन्द्र लाल प्रधानले आफु संचालक रहँदा तथा संचालकबाट हटे पश्चात् अविवाहित छोरी निभिता प्रधान छोरा चेतन प्रधान र श्रीमती बिमला श्रेष्ठ प्रधानको नाउँमा कूल ५०४५६२ कित्ता शेयर नामसारी गरेको पाइयो। निजले कुल ५ लाख ४ हजार ५ सय ६२ कित्ता शेयर आफ्नो श्रीमती, छोरा र छोरीको नाममा नामसारी गरे पश्चात् निजको नाउँमा ७०० कित्ता (बाँकी बोनस, शेयर) मात्र उक्त कम्पनीको शेयर रहेको पाइयो। नेपाल हाइड्रो डेभलोपर कम्पनि लि.का सम्बन्धमा बोर्डमा गरिएको अनुसन्धानका क्रममा निज ज्ञानेन्द्र लाल प्रधानको श्रीमती बिमला श्रेष्ठ प्रधानको नाउँमा शेयर कारोवार भएको नभएको बिषय खुलाइएकोमा तहकिकातका क्रममा नेप्से र सिडिएससंग माग गरिएको तथ्य तथा बिवरणबाट निजको श्रीमतीका नाममा ३ लाख ७७ हजार कित्ता भन्दा बढी शेयर बिक्री गरेको विवरण बोर्डको प्रतिबेदनमा ज्ञानेन्द्र लाल प्रधानले अंश बण्डा पश्च्यात कारोवार गरेको व्यहोरा उल्लेख गरेको देखिएकोमा घरायसी नामसारीका बखत सम्बन्धित धितोपत्र दलाल तथा सिडिएसबाट प्राप्त तथ्यांक तथा विवरणको अनुसन्धान गर्दा अंशबण्डा भएको उल्लेख नगरी शेयर हस्तानान्तरण गरेको विवरण पाइयो।निज ज्ञानेन्द्र लाल प्रधानले धितोपत्र लगायतका छिद्र प्रयोग गरी श्रीमती, छोरा तथा छोरीको नाममा घरयासी परिवारको परिपंच गरी सोही शेयर बिक्री गरेको अवस्था देखिंदा संस्थागत गतिबिधि (Corporatic Action) भन्दा पनि बजार मूल्यबाट लाभ लिने गरी कारोवार गरेको देखिन् आउँदा धितोपत्र ऐन, २०६३ दफा ९७ र ९८ बिपरितको बजारमा जालसाजीयुक्त कारोवार गरेको देखिएको।

८. **<u>नेपाल धितोपत्र बोर्डमा प्रतिबादी ज्ञानेन्द्र लाल प्रधानले गरेको वयानः</u>**

नेपाल हाईड्रो डेभलपर लि. मा २०७१ फागुन १९ को विशेष साधारण सभाबाट अध्यक्षमा नियुक्ति भएको, कम्पनीको बोर्डबाट २०७८ भाद्र १३ मा मेरो राजीनामा स्वीकृति भएको थियो सो राजीनामा स्वीकृतिको लागि मिति २०७६।१२।२६ मा र मिति २०७७।१०।१३ मा दोस्रो पटक मैले सोही मिति देखि नै लागू हुने गरी राजीनामा गरेको लिखित जानकारी गराएको थिए, त्यस कम्पनीको IPO बाट ४,३८,५५० कित्ता मेरो नाममा प्राप्त भएकोमा हाल ७,००० कित्ता मात्र रहेको, सो कम्पनीको सेयरहरु म बाट कुनै बिक्री नभएको तर छुट्टी भिन्न भैसकेका छोरा र छोरी ले म बाट पाउने अंश वापत बिना कुनै मूल्य नलिई आर्थिक लाभ नलिई मैले परिवारको नाममा नामसारी गरी दिएको छु। उक्तमा सो समयमा मैले कुनै आर्थिक लाभ नलिई घरायसी काम काज मिलाउन छुट्टी भिन्न भैसकेका परिवारको नाममा विना मूल्य पैसा नलिई सेयर नामसारी गरिएको भन्ने बयान रहेको, श्रीमति डा. विमला प्रधान सगोलमा रहेपनि निजको आफ्नो लगानी, आफ्नो क्लिनिक र आफै कारोबार गर्दै आउनुभएको जानकारी गराउन चाहन्छु, मेरो छोरा र छोरीको अंशबण्डा, मानो छुट्टीसकेको हुनाले उनीहरुबाट भएको सेयर कारोबारको जानकारी मलाई थिएन र सो मैले पत्र पत्रिकाबाट थाहा पाएको छु, धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९१ मा रहेको भित्री कारोबार सम्बन्धी व्यवस्थाका सम्बन्धमा आफुलाई जानकारी नभएको,

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को उपनियम १(क) रहेको धितोपत्रको बिक्री गर्न नपाईने व्यवस्थाका सम्बन्धमा जानकारी विगतमा नरहेको र मैले राजीनाममा दिईसकेको हुनाले म सम्बन्धित व्यक्ति नरहने मेरो व्यक्तिगत बुझाई रहेकोमा धितोपत्र बोर्डबाट पत्र प्राप्त गरी आफ्नो कानूनी सल्लाहाकार सँग सल्लाह गर्दा यो नीति सम्बन्धी केही थप जानकारी प्राप्त भएको जानकारी गराएको । मेरो श्रीमति डा. विमला प्रधानको आफ्नै क्लिनिक डेन्टल, हस्पिटल, घर जग्गा सेयरमा निजले दाइजोमा प्राप्त र म बाट बेला बखतमा प्राप्त रकमबाट कारोबार गर्दा मेरो संलग्नता नरहेको जानकारी गराउँदछु तथा निजलाई म बाट कुनै सेयर नामसारी हुँदा पनि मैले बिना मूल्य आर्थिक लाभ नलिई हस्तान्तरण गर्ने गरेको भन्ने समेतका व्यहोराको प्रतिबादि ज्ञानेन्द्रलाल प्रधानले धितोपत्र बोर्डमा गरेको वयान ।

९. **प्रतिबादी ज्ञानेन्द्र लाल प्रधानले गरेको थप वयान**

मेरो छुट्टी भिन्न रहेका छोरा र छोरीलाई पूर्ण अंश दिई नसकिएकोले समयको आवश्यकता अनुसार मैले समय समयमा अंश वापत बेला वखतमा सम्पत्ति शेयर लिई विगतमा पनि दिई आएको र भविष्यमा पनि उनीहरुको हक र आवश्यकता अनुसार दिने छु। सोही अन्तर्गत बिना प्रतिफल, विना मूल्य सो शेयर उनीहरुको नामसारी गरी दिएको छु। मैले सो कम्पनीको शेयर कुनै कित्ता बिक्री गरेको छैन। सो नामसारी वापत हुने आर्थिक लाभ लिएको छैन। मेरो नाउँमा रहेको घर सम्पत्ति, शेवरहरु मैले छुट्टी भिन्न भएका छोरा छोरीलाई एक मुष्ठ नामसारी नगरिदिएकोले घरयासी उनीहरुको आवश्यकता अनुसार मैले बेला बखतमा विभिन्न समयमा जग्गा, शेयर हक अंश वापत नामसारी गरीदिएको हो जुन CDS मा मेरो उपलब्ध कागजमा पनि अंश वापत भनी स्पष्ट लेखिएको छ। सो विक्रीबाट प्राप्त रकम मेरो छुट्टी भिन्न भएको परिवारबाट मैले विभिन्न हाम्रो साझा शेयर होल्डिंग भएको कम्पनीमा उनीहरुले मलाई तिर्नु पर्ने रकम मध्ये आंशिक मिलान गर्न मेरो नाममा आएको हो। उनीहरुले अंशबाट पाउने प्रयोजन र सो विक्रीबाट प्राप्त रकम मलाई तिर्नु पर्ने रकम मध्ये घरयासी मिलान गर्न सम्पूर्ण बैंकिंग प्रणाली मार्फत मैले केही प्राप्त गरेकोले यो कार्यलाई अपराधिक षडयन्त्र भन्न नमिल्ने मेरो ठहर छ। हाम्रो परिवारको बीचमा कुनै नगदी कारोवार भएको छैन। सबै बैंकिंग प्रणालीबाट एक अर्कामा गएको छ। मेरो छोरा छोरीले नेपालको कानुनले पाउने सबै अंशबण्डा गरी सकेको छैन। अधिकांश सम्पत्ति शेयर मेरो नाममा रहेकोले मैले घरयासी आवश्यकता अनुसार विगतमा पनि र अहिले पनि पटक पटक गरी अंश वापत शेयर रकम जग्गा जमिन लगायत दिने गरेको छु। मेरो छोरा छोरी पूर्ण अंश लिएर छुट्टी नसकेको अवस्थामा समय समयमा उनीहरुको सम्पत्तिको हक वापत पटक पटक गरी मैले अंश दिने गरेको छु। मैले ५०० को हाराहारीमा मूल्य छदा अंश वापत दिएको छोरा छोरी परिवारको शेयर बर्तमान अवस्थामा ६०० मूल्य पुगी सकेको अवस्थामा मैले २ बर्षको मूल्य प्रतिफल बोनस समेत लिन नपाउंदा मेरो परिवारले उच्च मुल्यमा बिक्री गरेको नभई उल्टो कम प्रतिफल प्राप्त गरेको देखिएको छ। यदि मैले शेयर बजार तल माथि गर्न सकेन र आर्थिक प्रतिफल लिई शेयर बिक्री गरेको भए परिवारबाट बिक्री गरेको ५०० करीवको मूल्यमा २ बर्षको बोनस प्रतिफल थप गरी सो भन्दा कम बजार मूल्य आजको दिनमा भएको

भए सो म माथि लगाइएको आरोप सिद्ध हुन्थ्यो। तर उल्टो अंश लिई छुट्टिएका परिवारले बिक्री गरेको शेयर मूल्य भन्दा बजार मूल्य अधिक छ।

१०. **विमला श्रेष्ठको थप बयान:**

शेयर बिक्रीबाट प्राप्त रकम मात्र नभई म पेशागत रुपमा डेन्टल डाक्टर भएको हुँदा मेरो व्यक्तिगत आम्दानी बाट प्राप भएको आम्दानी समेत आवश्यकता अनुसार मेरो पतिसंग लेनदेन भई रहन्छ । मेरो पतिले मेरो नाउँमा घरयासी नामसारी गरिदिएको शेयर मैले आफ्नो निर्णयले स्वतन्त्र रुपमा बिक्री गरेको हुँ। स्वतन्त्र आम्दानी तथा खर्च गर्ने नियमित कारोवार सरह उक्त शेयर बिक्री गरेको हुँ। स्वतन्त्र कारोवार गरेको षडयन्त्र भन्न मिल्दैन र उक्त कारोवार सम्पत्ति शुद्धीकरण कसुर होईन। मेरो पतिले मेरो वित्तीय कारोवारको लागि विभिन्न समयमा रकम दिने तथा केही शेयरहरु नामसारी गरिदिने कार्य गर्ने गर्नुहुन्छ। उक्त समयमा पनि सोही सिलसिलामा शेयर नामसारी गरिदिनु भएको हो। सो शेयर मैले बजार मूल्य यकिन गरी बिक्री गरेको नभई नियमित कारोवारको रुपमा बिक्री गरेको हुँ। उक्त शेयर सो समयमा बिक्री गर्दा उक्त कम्पनीको २ पटकको लाभांशबाट समेत बन्चित भएको तथा मैले बिक्री गरे पश्चात् शेयरको मूल्य समेत वृद्धि भएको छ। त्यसैले यसलाई षड्यन्त्र भन्न मिल्दैन र सम्पत्ति शुद्धीकरको कसुर गरेको होईन भन्ने समेतका व्यहोराको विमला श्रेष्ठको थप वयान ।

११. **चेतन प्रधानको थप वयान:**

मैले सो शेयर मेरो बाबुको नामबाट पैतृक सम्पत्ति सरह अंशबण्डा वापत प्राप्त गरेको शेयर हो। मैले सो शेयर अंशवण्डा बापत बाबुका नामबाट मेरो नाउँमा आएको हो। मैले बाबुलाइ कानुनी कारवाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले सो सम्पत्ति मेरा नाममा हक कायम गरी गराई षड्यन्त्र गरी बेचबिखन गरेको होईन। मेरो नाउँमा हक कायम भई सकेको शेयर बिक्री गर्न मिल्छ भन्ने ठानी बिक्री गर्ने कार्य गरेको हुँ। म मानो छुट्टी बसेको हुँदा मैले बुबाबाट अंश बापत शेयरको रुपमा प्राप्त भएको हो मानो छुट्टी भिन्न बसेको हुँदा मैले बुबाबाट अंश अथवा शेयर लिन नपाउने भन्ने जानकारी थाहा भएन। मैले बुवालाई कानुनी कारवाहीबाट बचाउन सहयोग गर्ने उद्देश्य थिएन। आफ्नो अंशको रुपमा प्राप्त भएको शेयरलाई मैले बेचेको मात्र हो। मैले मेरो सहजताको लागि र आवश्यकता अनुसार ४ पटक गरी अंश बापतको शेयर प्राप्त गरेको हुँ। मैले दोस्रो बजारमा बिक्री गरेको शेयर बजारको उच्च मूल्यको तिथि मिति हेरी भन्दा पनि मेरो आवश्यकता अनुसार शेयर बिक्री गरेको हुँ। मैले कुनै अपराधिक षडयन्त्र गर्ने उद्देश्यले मैले शेयर बिक्री नगरी मेरो हकको अंश आवश्यकता अनुसार शेयर बिक्री गरेको हुँ। मेरो बाबुसंगको मिलेमतोमा मैले अपराधिक कार्य गर्नको लागि शेयर बिक्री गरेको होईन भन्ने समेतका व्यहोराको चेतन प्रधानको थप बयान ।

१२. **निभिता प्रधानको थप वयान:**

मैले सो शेयर मेरो बाबुको नामबाट पैतृक सम्पत्ति सरह अंशबण्डा वापत प्राप्त गरेको शेयर हो। मैले सो शेयर अंशबण्डा बापत बाबुका नामबाट मेरो नाउँमा आएको हो। मैले बाबुलाइ कानुनी कारवाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले सो सम्पत्ति मेरा नाममा हक कायम गरी गराई षड्यन्त्र गरी बेचबिखन

गरेको होईन। कसुर गर्ने मेरो मनसाय र चाहना होईन। मेरो नाउँमा हक कायम भई सकेको शेयर बिक्री गर्न मिल्छ भन्ने ठानी बिक्री गर्ने कार्य गरेको हुँ भन्ने व्यहोराको निभिता प्रधानको थप बयान।

## अभियुक्त उपरको अभियोगः

प्रस्तुत मुद्दामा मिसिल संलग्न उजुरी व्यहोरा, काठमाडौँ जिल्ला अदालतमा सम्बद्ध कसूर (शेयरको जालसाजीयुक्त कारोवार) मा धितोपत्र बोर्डबाट अभियोजन गरिएको मुद्दा विचाराधीन रहेको अवस्था, नेपाल धितोपत्र वोर्डको तहकिकात प्रतिवेदनमा उल्लेखित तथ्यहरु, कसूरको विश्लेषणबाट प्राप्त तथ्यहरु, अनुसन्धानका क्रममा प्रतिबादी ज्ञानेन्द्रलाल प्रधान समेतले गरेको वयान लगायत मिसिल संलग्न कागजातहरु अध्ययन गरी हेर्दा नेपाल हाइड्रो डेभलपर्स लि. का अध्यक्ष समेत रहेका प्रतिबादी ज्ञानेन्द्र लाल प्रधानले आफु अध्यक्ष रहँदाकै अबस्थामा मिति २०७८/४/१४ मा र अध्यक्षबाट हटिसकेपछि मिति २०७८/६/५ मा उक्त कम्पनीको शेयर श्रीमती,छोरा र छोरी समेतको नाउँमा घरायसी नामसारी गरिदिएकोमा सो उपर नेपाल धितोपत्र बोर्डबाट तहकिकात भई धितोपत्रको जालसाजीयुक्त कारोवार गरेको कसूरमा अभियोजन भई काठमाडौं जिल्ला अदालतमा बिचाराधीन मुद्दा सम्पत्ति शुद्धीकरण निवारण प्रयोजनार्थ सम्बद्ध कसूर भएकाले सो आधारमा प्रस्तुत उजुरी उपर अनुसन्धान गर्दा निज प्रतिबादीले सो कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने जानीजानी सम्पत्ति शुद्धीकरणको कसूर गरेको वारदात स्थापित हुन आयो।

अव उक्त कसूरमा को कसको संलग्नता रहेको छ र कसूरमा संलग्न प्रतिबादी उपर के कस्तो सजायको मागदावी लिने त भनी हेर्दा,

**कसूरको विश्लेषणः**

**क. नेपाल हाइड्रो डेभलपर लि. को अध्यक्ष पदमा वहाल रहेको अवधि**

प्रतिबादी ज्ञानेन्द्र लाल प्रधान नेपाल हाइड्रो डेभलपर लिमिटेडको अध्यक्ष पदमा मिति २०७१/४/१९ देखि २०७८/५/१३ सम्म निरन्तर रुपमा अध्यक्षको पदमा वहाल रहेको देखिन्छ। उक्त हाइड्रोको यी प्रतिबादी ज्ञानेन्द्र लाल प्रधानका नाउँमा जम्मा ५३८७५० कित्ता शेयर रहेको देखिन्छ। उक्त शेयर मिति २०७६/१/२९ मा डिम्याट खाता नं. १३०१२९०००००००२६४४ मा जम्मा भएको देखिन्छ। उक्त शेयरमध्ये ज्ञानेन्द्रलाल प्रधानले ५०४५६२ कित्ता शेयर परिवारका मानिसका नाउँमा विभिन्न मितिमा नामसारी गरेको देखिन्छ।

**ख. परिवारका सदस्यहरुलाई शेयर नामसारी**

ज्ञानेन्द्र लाल प्रधानले आफु उक्त कम्पनीको संचालक समितिको अध्यक्ष रहँदाकै अबस्थामा मिति २०७८/४/१४ मा ९१५०० कित्ता र संचालक समितिको अध्यक्षबाट हटि सकेपछि २०७८/६/५, २०७८/७/२५, २०७८/९/५, २०७८/१०/२० समेत गरी श्रीमती, अविवाहिता छोरी तथा छोराको नाममा ४१३०३२ कित्ता शेयर नामसारी गरेको नेपाल धितोपत्र बोर्डले यस सम्बन्धमा गरेको छानवीनबाट देखिन्छ। जसको विवरण यसप्रकार रहेको छ:

| नाम | कारोवार कित्ता | | अवधि | |
|---|---|---|---|---|
| | नामसारीबाट प्राप्त शेयर कित्ता | दोस्रो वजारबाट खरीद शेयर कित्ता | देखि | सम्म |
| विमला श्रेष्ठ प्रधान | ३६६५८० | - | २०७८/४/२६ | २०७८/१०/२४ |
| चेतन प्रधान | ७०४३४ | ५३६४ | २०७६/९/३ | २०७८/६/१० |
| निभिता प्रधान | ६३५२१ | २०० | २०७७/१०/२१ | २०७८/६/२५ |
| जम्मा | ५००५३५ | ५५६४ | | |

**शेयरको विक्री वितरण सम्बन्धमाः**

नेपाल धितोपत्र बोर्डले तयार गरेको मिसिल संलग्न छानविन प्रतिवेदनको पृष्ठ संख्या ७-८ मा उल्लेख भए अनुसारः-

- नेप्सेवाट प्राप्त विवरण अनुसार चेतनलाल प्रधान (Client Code: SKS340) ले मिति २०७७/६/१४ देखि मिति २०७८/६/१० सम्म धितोपत्र दलाल व्यावसायी श्रीकृष्ण सेक्युरिटीज प्रा.लि. बाट धितोपत्रको दोस्रो वजारमा नेपाल हाइड्रो डेभलपर लि. को ७०३४४ कित्ता शेयरहरु औसत मूल्य रु. ५७०.७३ को दरले करिव रु. ४ करोड रकम बरावर विक्री गरेको देखिन्छ।
- त्यस्तै नेप्सेबाट प्राप्त विवरण अनुसार निभिता प्रधान (client Code: NP271060) ले मिति २०७८/४/३ देखि २०७८/६/२० सम्म धितोपत्र दलाल व्यावसायी श्री कृष्ण सेक्युरिटिज लि. बाट नेप्सेमा नेपाल हाइड्रो डेभलपर लि.को ६३५२१ कित्ता शेयरहरु औसत मूल्य रु. ५९७।९८ को दरले करिव रु. ३.७९ करोड बरावर रकम विक्री गरेको देखिन्छ, साथै निजले मिति २०७७/१०/२१ मा उक्त कम्पनीको १०० कित्ता औसत मूल्य रु. २५१।६० को दरले रु २५१६०।– तथा मिति २०७८/६/२५ मा उक्त कम्पनीको १०० कित्ता शेयर औसत मूल्य रु. ४७४।– का दरले रु. ४७२४०।– को खरीद गरेको देखिन्छ । उक्त कारोवारको मिति २०७७/१०/२१ को खरीद आदेशको प्रविष्टि धितोपत्र दलाल व्यावसायीले गरेको र मिति

२०७८/६/२५ को खरिद आदेशको प्रविष्टि र सम्पूर्ण विक्री आदेशको प्रविष्टि ग्राहक आफैले गरेको उल्लेख भएको।

- मिति २०७८/५/१४ मा अध्यक्ष ज्ञानेन्द्र लाल प्रधानको संचालक समितिको अध्यक्षबाट राजिनामा स्वीकृत भएको र मिति २०७८/९/१ मा बसेको संचालक समितिको बैठकले संचालक निभिता प्रधानको नियुक्ति अनुमोदन गरेको।
- श्री कृष्ण सेक्युरिटिज लि. मा निभिता प्रधानको ग्राहक पहिचान फाराममा निजको पेशागत विवरण विधार्थी भनी उल्लेख भएको तर निज सो अवधिमा नेपाल हाइड्रो डेभलपर्स लि. को संचालक रहेको।

## धितोपत्र कारोवार सम्बन्धी विश्लेषण

नेपाल धितोपत्र बोर्डबाट भएको छानवीन प्रतिवेदनको पेज २४ मा उल्लेख भए अनुसारः

| | |
|---|---|
| **मला श्रेष्ठ प्रधान** | • निज ज्ञानेन्द्र लाल प्रधानको श्रीमती यी आरोपी विमला श्रेष्ठ प्रधान प्रधान (टिएमएस ग्राहक कोड नं. BPS152) बाट मिति २०७८/४/२६ देखि २०७८/१०/२४ सम्म ४० दिनमा NHDL को कुनै कित्ता शेयर खरीद नगरेको तर कुल ३६६५८० कित्ता शेयर विक्री गरी कुल रु. १८,५०,७२,९४७।९०- को कारोवार गरेको।<br>• उक्त कम्पनीको सबै भन्दा कम कारोवार मिति २०७८/९/१२ मा न्यूनत रु. ४०२ देखि अधिकतम ४११ सम्मको दरमा कुल १०१० कित्ताको कुल रु.४१२६५०।– को कारोवार भएको।<br>• मिति २०७८/४/२६ देखि २०७८/१०/२४ सम्म उक्त कम्पनीको सबै भन्दा बढी कारोवार मिति २०७८/१०/२३ मा न्यूनतम रु ५१७.५० देखि अधिकतम रु. ५७९ सम्म (दैनिक औसत दर ५४१.१८) को दरमा कुल ८३८०८ कित्ताको कुल रु. ४,४४,८२,८१६।६० को कारोवार भएको देखियो ।<br>• निजले उक्त अवधिभित्र सोही कम्पनीको सबैभन्दा कम कारोवार गरेका ५ दिनहरुमा मिति २०७८/८/९, ८/१२, ९/१२, ९/२८ र २०७८/१०/२ रहेको।<br>• सबै भन्दा बढि कारोवार गरेका ५ दिनहरुः |

| | |
|---|---|
| | २०७८/४/७, ४/२७, ७/३०, ०८/०१, ८/२० र १०/२३ रहेको। |
| प्रधानका हकमा | • मिति २०७६/९/०३ देखि २०७८/६/१० सम्ममा NHDL को ५३६४ कित्ता खरीद तथा ७०४३४ कित्ता विक्री गरी कुल ७५७९८ कित्ता शेयरको रु. ४०८४९३६५।३० को कारोवार गरेको।<br>• निजको विवरण अनुसार २०७६/९/३ देखि २०७८/सम्ममा कुल १६ दिन कारोवार गरेको देखिन्छ। जसमा २ दिन मिति २०७८/९/३ मा ५३२४ कित्ता र मिति २०७८/४/२६ मा ४० कित्ता गरी जम्मा ५३६४ कित्ता खरीद मात्र गरेको देखियो।<br>• निजले मिति २०७८/९/३ देखि २०७८/६/१० सम्म १४ कारोवार दिनमा NHDL को ७०४३४ कित्ता विक्री गरेको,<br>• उक्त अवधिमा सोही कम्पनी NHDLको सबैभन्दा बढी कारोवार मिति २०७८/६/६मा न्यूनतम रु. ५६६देखि अधिकतम रु. ५९४ सम्म को दरमा कुल १६८८९ कित्ताको कुल रु. ९८,२१,६९५।१० को कारोवार भएको देखियो। |
| ा प्रधान | • निज ज्ञानेन्द्रलाल प्रधानको छोरी निभिता प्रधानले मिति २०७७/१०/२१ देखि मिति २०७८/६/२५ सम्म NHDL को २०० कित्ता खरीद तथा ६३५२१ कित्ता विक्री गरी कुल ६३७२१ कित्ता शेयर को कारोवार गरेको देखिएको।<br>• उक्त कम्पनीको सबै भन्दा बढि कारोवार २०७८/४/२५ मा रु. ७८६ को दरमा ३१ कित्ताको कुल रु. २४३६६।– को कारोवार भएको, मिति २०७८/४/२५ मा सबैभन्दा बढि न्यूतम रु. ६६१।– देखि रु. ६८२।– सम्म कारोवार गरी कुल १८५७१ कित्ता शेयरको कुल रु. १,२५,०१,९५३।– मा कारोवार गरेको देखियो। |

**सेयर कारोबार पश्चात् रकम हस्तान्तरण सम्बन्धमाः**

धितोपत्र दलाल व्यवसायी श्रीकृष्ण सेक्युरिटिज लि. बाट श्री विमला श्रेष्ठ प्रधान, श्री चेतन प्रधान र श्री निभिता प्रधानले सेयर कारोबार गरे पश्चात् रकम हस्तान्तरण सम्बन्धमा जानकारी माग गरिएकोमा देहाय अनुरुप विवरण पेश हुन आएको भनी धितोपत्र बोर्डको छानविन प्रतिवेदनमा उल्लेख भएको देखिन्छ :

उक्त व्यवसायीले श्री विमला श्रेष्ठ प्रधानले सेयर कारोबार गरे पश्चात् विभिन्न मितिमा बैंक ट्रान्सफर तथा चेक मार्फत ३,६६,५८० कित्ता को रु.१७,६७,३१,७५९।०० रुपैयाँ निज प्रधानको सनराईज बैंक लि. को खाता नं ०६९०४१९६००२१४००१ मा पठाएको जानकारी गराएको, साथै त्यसैगरी श्री चेतन प्रधानको सनराईज बैंक लि. को खाता नं ०६९०४१९६०२२१४००१ मा ७०,४३४ कित्ता बिक्री गरेको रकम रु.८,६४,४६८१३।१७ रुपैया हस्तान्तरण गरेको जानकारी गराएको, त्यसैगरी श्री निभिता प्रधानको सनराईज बैंक लि. को खाता नं ०६९०४१९६०३२१४००१ मा ६३,५२१ कित्ता बिक्री गरेको रकम रु. ३,५९,३१,१४४।१६ रुपैया हस्तान्तरण गरेको जानकारी गराएको ।

**<u>शेयर नामसारी सम्बन्धी विवरणः</u>**

- ज्ञानेन्द्रलाल प्रधानले आफु सञ्चालक रहँदा नै मिति २०७८।०४।१४ मा र सञ्चालकबाट हटे पश्चात् २०७८।०६।०५ मा अविवाहित छोरी तथा छोराको नाममा ९१,५०० कित्ता नामसारी गरेको देखियो, ज्ञानेन्द्रलाल प्रधानले श्रीमति विमला श्रेष्ठ प्रधानको नाममा ३,७७,७५० कित्ता सेयर विभिन्न मितिमा नामसारी गरेको देखियो । त्यसै गरी अन्य देहाय अनुरुपको सेयर क्रमशः श्रीमति विमला श्रेष्ठ प्रधान, अविवाहित छोरी निभिता प्रधान तथा छोरा चेतन प्रधानको नाममा घरायसी नामसारी गरेको देखिन्छः

| सेयर दिने | सेयर लिने | कारोबार मिति | कारोबार भएको कित्ता |
|---|---|---|---|
| ज्ञानेन्द्रलाल प्रधान | विमला श्रेष्ठ प्रधान (श्रीमति) | २०७८।०४।१४ | ३०,५०० |
| ज्ञानेन्द्रलाल प्रधान | विमला श्रेष्ठ प्रधान | २०७८।०७।१५ | १,५०,००० |
| ज्ञानेन्द्रलाल प्रधान | विमला श्रेष्ठ प्रधान | २०७८।०९।०५ | ९७,२५० |
| ज्ञानेन्द्रलाल प्रधान | विमला श्रेष्ठ प्रधान | २०७८।१०।२० | १,००,००० |
| | | ***श्रीमतिको नाममा जम्मा*** | ***३,७७,७५०*** |
| ज्ञानेन्द्रलाल प्रधान | निभिता प्रधान(छोरी) | २०७८।०४।१४ | ३०,५०० |
| ज्ञानेन्द्रलाल प्रधान | निभिता प्रधान | २०७८।०६।०५ | ३२,९०६ |
| | | ***छोरीको नाममा जम्मा*** | ***६३,६०४*** |

| | | | |
|---|---|---|---|
| ज्ञानेन्द्रलाल प्रधान | चेतन प्रधान (छोरा) | २०७८।०४।१४ | ३०,५०० |
| ज्ञानेन्द्रलाल प्रधान | चेतन प्रधान | २०७८।०६।०५ | ३२,९०६ |
| | | ***छोराको नाममा*** | ***६३,६०४*** |
| | | कूल घरायसी नामसारी भएको सेयर | ५,०४,५६२ (बोनस सेयर समेत) |
| | | | *स्रोतः नेपाल धितोपत्र बोर्डको प्रतिवेदन, २०७९* |

**<u>विमला श्रेष्ठ प्रधानको सेयर कारोबार सम्बन्धमाः</u>**

- निज श्री विमला श्रेष्ठ प्रधानले गरेको NHDL कम्पनीको सेयर कारोबार अध्ययन तथा विश्लेषण गर्दा निजका श्रीमान् ज्ञानेन्द्र लाल प्रधानबाट घरायसी नामसारी भई आएको सेयर बिक्री गरेको देखियो।
- घरायसी नामसारी मिति २०७८।०४।१४ मा ३०,५०० कित्ताको नामसारी गरेको बाट देखिन्छ। साथै उक्त सेयर नामासरी भई आए पश्चात् क्रमशः २०७८।०४।२६ र २०७८।०४।२७ मा बिक्री गरेको देखियो,
- निज प्रधानले पूनः २०७८।०७।२९ मा १,५०,००० कित्ता, मिति २०७८।०९।०५ मा ९७,२५० कित्ता र मिति २०७८।१०।२० मा १,००,००० कित्ता श्रीमति विमला श्रेष्ठ प्रधानका नाममा नामसारी गरेको देखिन्छ।

| मिति | नामसारी गरिएको कित्ता |
|---|---|
| २०७८।०४।१४ | ३०,५०० |
| २०७८।०७।२९ | १,५०,००० |
| २०७८।०७।२९ | ९७,२५० |
| २०७८।०९।०५ | १,००,००० |
| कूल | ३,७७,७५० |

- श्रीमति विमला श्रेष्ठ प्रधानले २०७८ श्रावणमा कुल २७,३४३ कित्ता सेयर न्यूनतम रु.६९० देखि अधिकतम रु.७३० सम्म अर्थात् औसत मूल्य रु. ७१३.८८ का दरले कुल रु.१ करोड ९३ लाख ७०

हजार १६ रुपैयाँमा बिक्री गरेको, मिति २०७८।०७।३० मा कुल १७,०५८ कित्ता सेयर न्यूनतम रु.५४६ देखि अधिकतम रु. ५७५ सम्म अर्थात् औसत मूल्य रु. ५६१.५८ का दरले कुल रु.९५ लाख ९० हजार ३ सय ७ रुपयाँ र पैसा ६० मा बिक्री गरेको, त्यस्तै मंसिर २०७८ मा कुल १,२९,२०३ कित्ता सेयर न्यूनतम रु.३७१ देखि अधिकतम रु. ५८५ सम्म अर्थात् औसत मूल्य रु. ४८९.५२ का दरले कुल रु.६ करोड ३३ लाख ९३ हजार ९ सय ८२ रुपयाँमा बिक्री गरेको, त्यसैगरी पुष २०७८ मा कुल ९३,६६५ कित्ता सेयर न्यूनतम रु.३८१.१० देखि अधिकतम रु. ५०६.५० सम्म अर्थात् औसत मूल्य रु. ४२४.४५ का दरले कुल रु. ३ करोड ९६ लाख ६२ हजार ३ सय ३३ रुपयाँमा बिक्री गरेको, साथै माघ २०७८ मा कुल ८३,३६२ कित्ता सेयर न्यूनतम रु. ५१५.९० देखि अधिकतम रु.६२० सम्म अर्थात् औसत मूल्य रु. ५५८.९४ का दरले कुल रु. ४ करोड ४६ लाख ९९ हजार १ सय ६४ रुपयाँमा बिक्री गरेको देखियो भनी धितोपत्र बोर्डको छानवीन प्रतिवेदनमा उल्लेख भएको ।

- श्रीमति विमला श्रेष्ठ प्रधानको नामबाट कुल ३,६६,५८० (तीन लाख छैसठ्ठी हजार पाँच सय असी कित्ता सेयर बिक्री गरी कुल रकम रु. १८,५०,७२,९४७।९० (अठार करोड पचास लाख बहत्तर हजार नौ सय सच्चालीस र पैसा नब्बे मात्र) को कारोबार भएको देखियो,

| सेयर कारोबार | कारोबार मिति | कित्ता | रकम (रुपैयाँमा) |
|---|---|---|---|
| सेयर खरिद (घरायसी नामसारी) | २०७८।०४।१४ देखि २०७८।०९।०५ सम्म | ३,७७,७५० | |
| | | | |
| सेयर बिक्री | २०७८ साउन देखि २०७८ माघसम्म | ३,६६,५८० | १८,५०,७२,९४७।९० |

**चेतन प्रधानको सेयर कारोबार सम्बन्धमाः**

- ज्ञानेन्द्रलाल प्रधानले आफु सञ्चालक रहेको बखतमा नै छोरा चेतन प्रधानको नाममा कूल ६३,६०४ कित्ता नामसारी गरेकोमा, मिति २०७८।०४।१४ मा ३०,५०० कित्ता र २०७८।०६।०५ मा ३२,९०६ कित्ता कारोबार गरेको,निज ज्ञानेन्द्रलाल प्रधानको छोरा चेतन प्रधानले पौष ३, २०७६ मा चेतन प्रधानले कुल ५३२४ कित्ता सेयर रु. ११७ का दरले कुल रु. ६,२२,९०८।– मा खरिद गरेको देखिन आएको, असोज, २०७८ मा चेतन प्रधानले कुल ३५,८६३ कित्ता सेयर न्यूनतम रु. ५३५ देखि अधिकतम रु. ६०५ सम्म अर्थात् औसत मूल्य रु. ५७८.४५ का दरले कुल रु. २ करोड ७ लाख ३२ हजार ६ रुपयाँमा बिक्री गरेको, भाद्र १३, २०७८ मा चेतन प्रधानले कुल ४० कित्ता सेयर रु.७०१ का दरले कुल रु. २८ हजार ४० रुपयाँमा बिक्री गरेको देखिएको । श्रावण, २०७८ मा चेतन प्रधानले कुल २९,८११ कित्ता सेयर न्यूनतम रु. ६०० देखि अधिकतम रु. ६४२ सम्म अर्थात् औसत मूल्य रु. ६२३.९६ का दरले कुल रु. १ करोड ८५ लाख ७० हजार ६ सय १ रुपयाँमा बिक्री गरेको, श्रावण २६, २०७८ मा चेतन प्रधानले कुल ४० कित्ता सेयर न्यूनतम रु. ६८३ देखि अधिकतम रु. ६८७ सम्म अर्थात् औसत मूल्य रु. ६८४.५० का दरले कुल रु. २७ हजार ३ सय ८० रुपयाँमा खरिद गरेको,

असोज, २०७७ मा चेतन प्रधानले कुल ३१६७० कित्ता सेयर न्यूनतम रु. २१२ देखि अधिकतम रु. २३० सम्म अर्थात् औसत मूल्य रु. २१९.३३ का दरले कुल रु. ११ लाख ७७ हजार ४ सय २ रुपयाँमा बिक्री गरेको देखिन्छ।

- सेयर खरिद तथा बिक्रीको अवस्था हेर्दा श्री चेतन प्रधानको नामबाट ५,३६४ (पाँच हजार तीन सय चौसठ्ठी) कित्ता सेयर खरिद तथा ७०,४३४ कित्ता बिक्री गरी कुल ७५,७९८ (पचहत्तर हजार सात सय अन्ठानब्बे मात्र) कित्ता सेयरको कुल रकम रु.४,०८,४९,३६५।३० (चार करोड आठ लाख उनान्पचास हजार तीन सय पैसठ्ठी र पैसा तीस मात्र ।) को कारोबार भएको देखियो।

| सेयर कारोबार | कारोबार मिति | कित्ता | रकम (रुपैयाँमा) |
|---|---|---|---|
| सेयर खरिद | २०७६।०९।०३ | ५,३६४ | ६,२२,९०८।०० |
| सेयर खरिद (घरायसी नामसारी) | २०७८।०४।१४ र २०७८०६।०५ | ६३,६०४ | |
| | | | |
| सेयर बिक्री | २०७७।०६।१४ र २०७८।०६।१० | ७०,४३४ | ४,०२,२६,४५७।०० |

**<u>निभिता प्रधानको सेयर कारोबार सम्बन्धमा:</u>**

- ज्ञानेन्द्रलाल प्रधानले अविवाहित छोरी ६३,६०४ कित्ता नामसारी गरेको देखियो, मिति २०७८।०४।१४ मा ३०,५०० कित्ता र २०७८।०६।०५ मा ३२,९०६ कित्ता कारोबार गरेको, निज ज्ञानेन्द्रलाल प्रधानको छोरी श्री निभिता प्रधानको नामबाट माघ २१, २०७७ मा कुल १०० कित्ता सेयर रु. २५२ का दरले कुल रु. २५,२००।– मा खरिद गरेको,यस्तै श्रावण, २०७८ मा निभिता प्रधानले कुल ३१,२८९ कित्ता सेयर न्यूनतम रु. ६१५ देखि अधिकतम रु.७८६ सम्म अर्थात् औसत मूल्य रु.६८५.११ का दरले कुल रु.२ करोड १३ लाख ८१ हजार १ सय ६३ रुपयाँमा बिक्री गरेको, असोज २१, २०७८ मा निभिता प्रधानले कुल १०० कित्ता सेयर न्यूनतम रु. ४७२ देखि अधिकतम रु. ४७३ सम्म अर्थात् औसत मूल्य रु. ४७२.५० का दरले कुल रु. ४७,२४०।– मा खरिद गरेको, असोज, २०७८ मा निभिता प्रधानले कुल ३७,७८३ कित्ता सेयर न्यूनतम रु. ४३४ देखि अधिकतम रु. ६०५ सम्म अर्थात् औसत मूल्य रु. ५२८.१४ का दरले कुल रु. १ करोड ९५ लाख ९३ हजार २ सय ६५ रुपयाँ र १० पैसामा मा बिक्री गरेको देखिन्छ।
- सेयर खरिद तथा बिक्रीको तथ्यांक केलाउँदा श्री निभिता प्रधानको नामबाट कूल २०० (दुई सय) कित्ता खरिद तथा ६३,५२१ कित्ता बिक्री गरी कुल ६३,७२१ कित्ता सेयरको कुल रकम रु. ३,८०,५७,१५३।०० (अक्षेरुपी तीन करोड असी लाख सन्ताउन्न हजार एक सय त्रिपन्न मात्र ।) को सेयर कारोबार भएको अबस्था छ।

| सेयर कारोबार | कारोबार मिति | कित्ता | रकम (रुपैयाँमा) |
|---|---|---|---|
| सेयर खरिद | २०७७।१०।२१ | २०० | २५,१६०।०० |
| सेयर खरिद (घरायसी नामसारी) | २०७८।०४।१४ र २०७८०६।०५ | ६३,६०४ | |
| सेयर बिक्री | २०७७।०४।१३ र २०७८।०६।२५ | ६३,५२१ | ३,८०,५७,१५३।०० |

## कम्पनीको दोस्रो बजार मूल्यको अवस्था

नेपाल हाईड्रो डेभलपर कम्पनी लि. को तीन आर्थिक वर्षमा कम्पनीको अन्तिम मूल्य न्युनतम रु. ९१ तथा अधिकतम मूल्य रु.७९७ सम्म कारोबार भएको नेप्सेबाट प्राप्त कारोबारको तथ्यांकबाट देखिन्छ। त्यसैगरी कारोबार रकम तर्फ न्यूनतम रु. ९१० देखि अधिकतम रु. १२ करोड ७५ लाख ५५ हजार रुपैयाँको कारोबार भएको देखिन्छ। उपरोक्त अनुसार नेपाल हाईड्रो डेभलपर कम्पनी लि. को तीन आर्थिक वर्षको दोस्रो बजार मूल्यको अवस्थालाई निम्न अनुसार रेखाचित्रमा प्रस्तुत गरिएको छ।




**विश्लेषण:**

माथिको रेखाचित्रलाई विश्लेषण गरी हेर्दा नेपाल हाइड्रो डेभलपर्स लि.को. आफ्नो १६.८८ प्रतिशत हित नियन्त्रण रहेको शेयरलाई आफ्ना नाउँबाट सो अवधिमा विक्री गर्न हुदैन भन्ने जानीजानी परिवारका सदस्यलाई घरायसी नामसारी गरी दिई सो वेचविखन गरी उच्च लाभ प्राप्त गर्ने मनसाय राखी सो शेयर विक्री गरेको देखिन्छ

। नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भएको NHDL को मूल्य चार्ट विश्लेषण गर्दा ज्ञानेन्द्रलाल प्रधानले आफ्नो शेयर विक्री गर्न परिवारका मानिसलाई नामसारीको शुरुवात गरेको मिति अर्थात २०७८/४/१४ मा उक्त शेयरको अन्तिम कारोवार मूल्य प्रतिकित्ता (LTP) रु. ६२५।– रहेको देखिन्छ । उक्त मूल्य गत दुई महिनाको अन्तिम मूल्यसँग तुलना गर्दा ८४ प्रतशितको बृद्धि भएको देखिन्छ । दुई महिना अगाडी अर्थात २०७८/३/१४ गते उक्त शेयरको अन्तिम कारोवार मूल्य प्रतिकित्ता रु. ३४०।– रहेको देखिन्छ । उक्त NHDL को शेयरको मूल्यमा दोस्रो बजारमा भएको उच्च बृद्धिबाट लाभ प्राप्त गर्ने दुषित मनसायले मिति २०७८/५/१३ गते आरोपी ज्ञानेन्द्र लाल प्रधानले राजिनामा दिनुभन्दा अगाडि ९१५०० कित्ता शेयर र राजिनामा दिए पश्चात् पटक-पटक गरी ४१३०६२ कित्ता शेयर परिवारका मानिसलाई नामसारी गरी तत्पश्चात पटक-पटक विक्री गरी लाभ प्राप्त गरेको अबस्था देखिन्छ, सोही अभियोगमा नेपाल धितोपत्र बोर्डबाट छानवीन भई शेयरको जालसाजीयुक्त कारोवार गरेको अभियोगमा मुद्दा समेत अभियोजन भएको देखिँदा सो विक्री नै गर्न नपाउने अबस्थाको शेयर विक्री गरी निज प्रतिबादीले प्राप्त गरी धारण गरेको रकम स्वतः कसूरबाट प्राप्त एवं कसूरसँग सम्बन्धित भई गैरकानुनी स्रोतको रकम भएको तथ्य पुष्टि हुन आएको ।

सो शेयरको नामसारी र विक्रीको विवरण समेतलाई अध्ययन गर्दा यसप्रकार रहेको देखिन्छ ।

| **नामसारी मिति** | **कित्ता** | **विक्री मिति** | **विक्री** | | | |
|---|---|---|---|---|---|---|
| | | | विमला श्रेष्ठ | चेतन प्रधान | निभिता प्रधान | जम्मा |
| २०७८/४/१४ | ९१५०० | २०७८ श्रावण | २७३४३ | - | - | २७३४३ |
| २०७८/६/५ | ६५८१२ | २०७८/६/१०<br>२०७८/६/२५ | | ७०४३४ | <br>६३५२१ | १३३९५५ |
| २०७८/७/१५ | १५०००० | २०७८/७/३० | १७०५८ | | | १७०५८ |
| | | २०७८ मंसिर | १२९२०३ | | | १२९२०३ |
| २०७८/९/५ | ९७२५० | २०७८ पौष | ९३६६५ | | | ९३६६५ |
| २०७८/१०/२० | १००००० | २०७८ माघ | ८३३६२ | | | ८३३६२ |
| | ५०४५६२ | | ३६६५८० | ७०४३४ | ६३५२१ | ५००५३५ |

यसप्रकार प्रतिबादी ज्ञानेन्द्र लाल प्रधानले नामसारी गरी NHDL को शेयर मिति २०७८/४/१४ देखि २०७८/१०/२० सम्मको अवधिमा नामसारी गरी दिएकोमा सो शेयर निजहरुले सोही अनुसार पटक-पटक गरी सोही अवधिमा दोस्रो बजारमा उच्च मूल्य भएको अबस्थामा विक्री गरेको देखिन्छ । यदि निज ज्ञानेन्द्र लाल

प्रधानले संपत्ति शुद्धीकरण अनुसन्धान विभागमा वयानमा जिकीर लिए जस्तै सो घरायसी नामसारी भएको भए एकै पटक गर्न सक्ने अबस्था रहँदा रहँदै विना पुष्ट्याईको मनासिव आधार ६ महिनाको अवधिमा पटक-पटक नामसारी गरी परिवारका मानिसहरुलाई दिई घरायसी अंशबण्डा गर्ने कार्य गैरकानुनी हुँदैन भन्ने कुराको आडमा संभावित कानुनी कारवाहीबाट बच्ने उद्देश्यले गलत व्यहाराको जिकीर लिएको तथ्य स्थापित भई रहेको अवस्था छ।

आफ्ना पति/बाबुबाट घरायसी नामसारी गरी अंशबण्डा गरी लिएको शेयर भनी शुद्धीकरण अनुसन्धान विभागमा वयान गर्दा विमला प्रधान समेतले जिकिर लिएको देखिएता पनि उक्त शेयर उच्च मूल्य वृद्धि हुने समय अवधि निज ज्ञानेन्द्र लाल प्रधान सो कम्पनीको अध्यक्ष भएका नाताले थाहा हुने र सोही भित्री सूचनामा रहेको पहुँचको दुरुपयोग गरी उच्च मूल्य हुने अबस्थामा नामसारी गरी निज विमला श्रेष्ठ समेतका नाउँबाट विक्री गरी गराई शेयरको जालसाजीयुक्त कारोवार गरी सो कसूरबाट प्राप्त गरेको सम्पत्ति शुद्धीकरण गरेको तथ्य पुष्टि भइरहेको छ।

उक्त तथ्यको थप पुष्टिका लागि तथ्यांक विश्लेषण गरी हेर्दा, शेयर विक्रीबाट प्राप्त रकम यसप्रकार रहेको देखिन्छ:

नेपाल शेयर वजारको तथ्यांकका आधारमा जालसाजीयुक्त कारोवार गरी प्राप्त गरेको ५००५३५ कित्ता शेयर औसतमा रु. ५३६।१५ मा विक्री गरी प्राप्त गरेको देखिन्छ। उक्त मूल्य NHDL को शेयरको माथिल्लो Range को मूल्य रहेको देखिन्छ।

| **आरोपी** | **शेयर कित्ता** | **औसत मुल्य** | **जम्मा विक्री मुल्य** | **कैफियत** |
|---|---|---|---|---|
| विमला श्रेष्ठ | ३६६५८० | ५०४।८६ | १८५०७२९४७।९० | |
| चेतन प्रधान | ७०४३४ | ५७२।६८ | ४०३२६४५७।- | |
| निभिता प्रधान | ६३५२१ | ५९९।१२ | ३८०५७१५३।- | |
| जम्मा | ५००५३५ | ५२६।१५ | २६३३५६५५७।९० | |

शेयर विक्रीबाट प्रात रकममध्ये ज्ञानेन्द्रलाल प्रधानले रु. १४४००००००।– विमला प्रधान, चेतन प्रधान र निभिता प्रधानको खाताबाट प्राप्त गरेको निम्न तालिकामा प्रस्तुत विवरणबाट पुष्टि हुन्छ। यसवाहेक अन्य विभिन्न कम्पनीहरुमा रु. ६३५७०८००।– लगानी गरी अन्य घरायसी प्रयोजनमा रु. २४९५९३१३।– खर्च गरी विमला प्रधानले निजकी छोरी निभिता प्रधानलाई रु. ११११२१११।– भुक्तानी दिएको देखिन्छ।

उपरोक्त तालिकाबाट प्रतिबादी ज्ञानेन्द्रलाल प्रधानले NHDL को शेयर उच्च मूल्यमा विक्री गर्नका लागि घरायसी नामसारी गरी परिवारका मानिसका नाउँमा हक हस्तान्तरण गरी विक्री गर्ने प्रबन्ध गरी सो शेयर विक्री गरी सोबाट प्राप्त भएको रकम पुनः आफैले प्रयोग गरेको तथ्य स्थापित हुन आएकाले जालसाजीयुक्त कारोवार गरी सोसँग सम्बन्धित रकमलाई पुनः लगानी गर्ने तथा थप कारोवार लगायत गरी सम्पत्ति शुद्धीकरणको कसूर गरिरहेको तथ्य पुष्टि हुन आएको देखिएको छ।

सो शेयर विक्रिबाट प्राप्त निजहरुले प्राप्त गरेको रकमको थप कारोवार यसप्रकार रहेको छः-

| **कसुरबाट प्राप्त सम्पत्तिको पुनः प्रयोग/लगानी** | **विमला श्रेष्ठ** | **चेतन प्रधान** | **निभिता प्रधान** | **जम्मा** |
|---|---|---|---|---|
| ज्ञानेन्द्र लाल प्रधान | १२०४०००००।- | १२५००००००।- | ११५००००००।- | १४४४०००००।- |
| विभिन्न कम्पनीमा लगानी | २८५६१०००।- | १५०८७८००।- | १२६१२०००।- | ६३५७०८००।- |
| निभिता प्रधान | ११११२१११।- | | | ११११२१११।- |
| अन्य | १३१६१००६।- | | ११७६७३०७।- | २४९५९३१३।- |
| **जम्मा** | **१७३२३४११७।९४** | **३७५८७८००।-** | **३५८८९३०७।-** | **२४६७११२२४।९४** |

संपत्ति शुद्धीकरण अनुसन्धान विभागमा वयान गर्दा विमला श्रेष्ठ समेतले उल्लेखित कारोवार भएको हो भन्ने समेतका व्यहोराको सनाखत समेत गरिदिएको अवस्था छ । हामी परिवारका मानिसहरुवीच अंशबण्डा भई छुट्टा भिन्न भएकाले सरसापटीको कारोवार मिलान गर्ने क्रममा आफ्ना पति/बाबुलाई रकम दिएको भन्ने व्यहोरा खुलाई लेखाई दिएको देखिएता पनि आफू प्रतिबादी ज्ञानेद्रलाल प्रधानले अध्यक्ष हुँदा विक्री गर्न नपाउने अवस्थाको शेयर अंशबण्डा दिने लिने कार्य मार्फत **प्रत्यक्ष रुपले गर्न नहुने कार्य अप्रत्यक्षरुपले पनि गर्न हुँदैन** भन्ने फौजदारी कानुनको मान्य सिद्दान्तको बर्खिलाप गरी परिवारका सदस्यहरुको नाममा नामसारी गरी सो शेयर विक्री गरी गराई सोबाट प्राप्त रकम समेत आफैले पुनः निजहरुबाट प्राप्त गरी प्रयोग गरेको अबस्था देखिन आयो ।

प्रतिबादी ज्ञानेन्द्रलाल प्रधान गरेको उक्त कम्पनीको शेयर कारोवार तर्फ अध्ययन गरी हेर्दा विमला प्रधानले उक्त कम्पनीको सबै भन्दा कम कारोवार मिति २०७८/९/१२ मा न्यूनत रु. ४०२ देखि अधिकतम ४११ सम्मको दरमा कुल १०१० कित्ताको कुल रु.४१२६५०।– को कारोवार गरेको, मिति २०७८/४/२६ देखि २०७८/१०/२४ सम्म उक्त कम्पनीको सबै भन्दा बढी कारोवार मिति २०७८/१०/२३ मा न्यूनतम रु ५१७.५० देखि अधिकतम रु. ५७९ सम्म (दैनिक औसत दर ५४१.१८) को दरमा कुल ८३८०८ कित्ताको कुल रु. ४४४८२८१६।६० को कारोवार गरेको देखिन्छ, चेतन प्रधानले सोही कम्पनीको मिति २०७६/९/०३ देखि २०७८/६/१० सम्ममा NHDL को ५३६४ कित्ता खरीद तथा ७०४३४ कित्ता विक्री गरी कुल ७५७९८ कित्ता शेयरको रु. ४०८४९३६५।३० को कारोवार गरेको,निजको विवरण अनुसार २०७६/९/३ देखि २०७८/सम्ममा कुल १६ दिन कारोवार गरेको देखिन्छ । जसमा २ दिन मिति २०७८/९/३ मा ५३२४ कित्ता र मिति २०७८/४/२६ मा ४० कित्ता गरी जम्मा ५३६४ कित्ता खरीद मात्र गरेको, निजले मिति २०७८/९/३ देखि २०७८/६/१० सम्म

१४ कारोवार दिनमा NHDL को ७०४३४ कित्ता विक्री गरेको र उक्त अवधिमा सोही कम्पनी NHDLको सबैभन्दा बढी कारोवार मिति २०७८/६/६मा न्यूनतम रु. ५६६देखि अधिकतम रु. ५९४ सम्म को दरमा कुल १६८८९ कित्ताको कुल रु. ९८२१६९५।१० को कारोवार गरेको र निभिता प्रधानले मिति २०७८७/१०/२१ देखि मिति २०७८/६/२५ सम्म NHDL को २० कित्ता खरीद तथा ६३५२१ कित्ता विक्री गरी कुल ६३७२१ को कारोवार गरेको, उक्त कम्पनीको सबै भन्दा बढि कारोवार २०७८/४/२५ मा रु. ७८६ को दरमा ३१ कित्ताको कुल रु. २४३६६।– को कारोवार भएको, मिति २०७८/४/२५ मा सबैभन्दा बढि न्यूतम रु. ६६१।– देखि रु. ६८२।– सम्म कारोवार गरी कुल १८५७१ कित्ता शेयरको कुल रु. १२५०१९५३।– मा कारोवार गरेको भन्ने समेतका व्यहोरा नेपाल धितोपत्र बोर्डबाट यस विभागमा प्राप्त हुन आएको छानवीन प्रतिवेदनमा उल्लेख भएको देखिँदा NHDL मा तत्कालीन अबस्थामा अध्यक्ष समेत रहेका ज्ञानेन्द्र लाल प्रधानले सो कम्पनीको सूचना उपर रहेको भित्री पहुँचको दुरुपयोग गरी लाभ लिने मनसायले कानुनले नै कारोवार गर्न रोक लगाएको अबस्थाको शेयर कानुनले रोक लगाएकै अवधिमा परिवारका मानिसहरुलाई हस्तान्तरण गरी दिई सो विक्री गरेको देखिनुका साथै सो अवधिमा निभिता प्रधान  र चेतन प्रधानले खरिद समेत गरेको देखिएबाट निजहरुले मनसाय पूर्वक सम्पत्तिको गैरकानुनी स्रोत प्राप्त गर्ने मनसयाले सो कार्य गरेको देखिँदा निजहरुले सो शेयर विक्रीबाट प्राप्त गरेकोमध्ये विमला प्रधान रु. रु. १८,५०,७२,९४७।९०-, चेतन प्रधान रु. ४,०८,४९,३६५।३० र निभिता प्रधान रु.  ३,८०,५७,१५३।– समेतका रकमको हैसियत कसूरबाट प्राप्त सम्पत्तिमा रुपान्तरण भएकाले यी प्रतिबादीले **सम्पत्तिको गैरकानुनी स्रोत (Illicit origin) लुकाउने र रुपान्तरण गर्ने मनसायले अंशवण्डाको विधि अवलम्बन गरी गैरकानुनी कार्यको वैधता स्थापित गरिरहेको, संभावित कानुनी कारवाहीबाट प्रतिवादीज्ञानेन्द्र लाल प्रधानलाई बचाउने मनसायले विमला प्रधान, चेतन प्रधान र निभिता प्रधान समेतले सो शेयर प्राप्ति एवं धारण गरी कारोवार गरी सोको पुनः विक्री गरी सोबाट प्राप्त भएको रकम ज्ञानेन्द्र लाल प्रधानकै नाउँको खातामा उपलब्ध गराएको समेतबाट प्रतिबादी ज्ञानेन्द्रलाल प्रधानले** सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (संशोधन समेत) को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क), (ख), (ग) ले निषेधित कार्यहरु गरी गराई सम्पत्ति शुद्धीकरणको कसूर गरेको तथ्य निर्बिबाद रुपमा पुष्टि हुन आयो।

**अभियुक्तलाई हुनुपर्ने सजायः**

प्रतिबादी ज्ञानेन्द्रलाल प्रधानले अनुसन्धानको क्रममा  वयान गर्दा मैले गलत कार्य गरी कुनै सम्पत्ति आर्जन गरी लाभ लिने  मनसायले सो कारोवार गरेको नभई मैले मेरा नाउको नेपाल हाइड्रो डेभलपर लि. को शेयर मेरा परिवारका मानिसका नाउँमा अंशण्डा वापत कानुनी रुपमा नामसारी गरिदिएको हुँ। शेयर विक्री गर्ने कार्य मेरा परिवारका सदस्यले गरेको हुनाले मैले सम्पत्ति शुद्धीकरणको कसूर गरेको छैन ।मैले मिति २०७६/१२/२६ मा उक्त हाइड्रोको अध्यक्ष र संचालकबाट पहिलो राजिनामा दिएकोमा अन्य बोर्ड सदस्यहरु देश वाहिर रहेकाले मेरो उक्त राजिनामा स्वीकृत हुन सकेन । म नेपाल हाइड्रो

डेभलपर लि. को मिति २०७१/४/९ देखि २०७८/५/१३ सम्म संचालक अध्यक्ष रहेको हुँ। मैले सो अवधि अघि र पछि समेत मैले आफ्ना नाउँको उक्त कम्पनीको ४३८७५० कित्ता शेयर मिति २०७८/४/१४ र संचालक अध्यक्षबाट हटे पश्चात् २०७८/६/५मा अंश लिई भिन्न भई सकेका छोरी तथा छोराको नाममा ९१५०० कित्ता शेयर विना मूल्य अंश नामसारी गरेको हुँ। निजहरुले सो शेयर के कुन मितिमा को कस्लाई के कति मूल्यमा विक्री गरे भन्ने कुरा मलाई थाहा छैन। सोबमोजिम गरेको कारोवार नेपाल धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९७, ९८, ९९ र १०० समेतको प्रतिकूल भई ऐ. दफा १००(३) अनुसारको कसूर गरेको अभियोगमा धितोपत्रको जालसाजीयुक्त कारोवार गरेको कसूर मुद्दा अभियोजन भई हाल विचाराधीन अबस्थामा रहेको छ। मैले माथि पनि खुलाएको छु। उक्त शेयर मेरा परिवारका सदस्यहरुलाई प्रयोग गरी लाभ लिने मनसायले विक्री गरेको नभई मैले विना मूल्य अंशबण्डा दिएको हुँ भन्ने समेतका व्यहोरा खुलाई लेखाई दिएको देखिएता पनि यी प्रतिबादी शेयरको जालसाजीयुक्त कारोवार गरेको अभियोगमा मुद्दा अभियोजन भएको अबस्था, कसूरको विश्लेषणबाट प्राप्त तथ्यहरु एवं अनुसन्धानका क्रममा संकलित मिसिल संलग्न धितोपत्र बोर्डको प्रतिवेदन समेतबाट यी प्रतिबादीले निजको नाउँको NHDL को शेयर आफु उक्त कम्पनीको अध्यक्ष रहँदाकै अबस्थामा परिवारका सदस्यलाई अंशवण्डाको माध्यमबाट हक हस्तान्तरण गरी गराई भित्री सूचनामा रहेको पहुँचको दुरुपयोग गरी गराई सो आधार मूल्य कम भएको अबस्थामा छोरा र छोरीले खरीद गरी सो शेयर र प्रतिबादी ज्ञानेन्द्र लाल प्रधानबाट हक हस्तान्तरण भई आएको शेयर समेत मूल्य उच्च कायम रहेको अबस्थामा विक्री गरे गराएको देखिएको छ। बयानको क्रममा निजले भित्री सूचनामा रहेको पहुँचको दुरुपयोग गरेको होइन भन्ने समेतका व्यहोरा खुलाई लेखाई दिएता पनि निजका परिवारका श्रीमति, छोरा र छोरीका नाउँबाट सो शेयर विक्री गरी प्राप्त गरेको रकम विभिन्न मितिमा ज्ञानेन्द्र लाल प्रधानकै खातामा जम्मा भएको देखिँदा उक्त शेयरको जालसाजीयुक्त कारोवारसँग सम्बन्धित रकमबाट अन्तिम लाभ प्राप्त गर्ने व्यक्ति (Ultimate beneficial) ज्ञानेन्द्रलाल प्रधान स्वयं नै रहेको कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि भइरहेको र आफु अध्यक्ष रहेको कम्पनीको शेयर विभिन्न मितिमा अंशबण्डाको आवरणमा परिवारका मानिसलाई हस्तान्तरण गरी श्रीमती समेत छोराछोरीलाई अंश दिई तहतह गरी कारोवार गरेको देखिएबाट यी प्रतिबादीले **सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (संशोधन समेत) को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क), (ख), (ग) ले निषेधित कार्यहरु गरी गराई सम्पत्ति शुद्धीकरणको कसूर गरेको तथ्य पुष्टि हुन आएको देखिँदा निज प्रतिबादी ज्ञानेन्द्रलाल प्रधानलाई विमला प्रधानको नामबाट शेयरको कारोबार गरी गराई प्राप्त गरेको रु.१८,५०,७२,९४७।-, चेतन प्रधानबाट सोहो बमोजिम प्राप्त गरेको रु.४,०८,४९,३६५।३०- र निभिता प्रधानबाट समेत सोही बमोजिम प्राप्त गरेको रु.३,८०,५७,१५३।- समेत गर्दा हुन आउने कूल रकम रु. २६,३९,७९,४६६।२०- (छव्बीस करोड, उन्चालिस लाख, उनासी हजार चारसय छैसट्ठी रुपैया पैसा वीस मात्र) वीगो कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (संशोधन समेत) को दफा ३० को उपदफा (१) बमोजिम वीगोको दोब्बर जरिवाना र कसूरको मात्रा अनुसार कैद सजाय**

**हुनको साथै कसूरबाट प्राप्त गरी निःसर्ग गरेको पुष्टि भएको, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (संशोधन समेत) को दफा १८ को उपदफा(२) बमोजिम अनुसन्धानको क्रममा रोक्का राखिएको निम्न सम्पत्ति समेतबाट सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (संशोधन समेत) को दफा ३४ को उपदफा (२) बमोजिम जफत गरी पाउन मागदावी लिइ सक्कल मिसिल** यसै अभियोगपत्र साथ पेश गरिएको व्यहोरा अनुरोध छ।

निम्न

प्रतिबादी ज्ञानेन्द्रलाल प्रधानको नामबाट जफत हुने सम्पत्ति तथा साधनको विवरणः

१. जग्गाः

| जग्गा खरिद रकम रु. | खरिद मिति | कित्ता नं. | क्षेत्रफल | जग्गा रहेको स्थान |
|---|---|---|---|---|
| २३७५००००।- | ०५/१९/२०६८ | ३४३ | २९-११-२-३ | काभ्रे-२ |
| रु. २,३७,५०,०००।- | | | | जम्मा |

२. कम्पनीको शेयर

| कम्पनीको नाम | शेयर संख्या | मूल्य | शेयरको किसिम | कैफियत |
|---|---|---|---|---|
| मोदी इनर्जि लिमिटेड (१०४८१७/५३/५४) | ७५५००० | ७५५०००००।- | संस्थापक | धितोपत्र बजारमा सूचिकृत भएको। |
| सुपर खुदी हाइड्रोपावर लि. (३१५०५५/७९/८०) | १६४९२८३ | १६४९२८३००।- | संस्थापक | २७१८५२६ कित्ता शेयरमध्ये कि.नं. ३०७१७ देखि १६८०००० सम्म जफत हुनु पर्ने। |
| **जम्मा** | | **२४,०४,२८,३००।-** | | |

**सजाय कम वा सजायमा छुटको मागदावी र आधारः×**

**क्षतिपुर्तिको माग दावीः**

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन अनुरोध छ।

**अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः**

**सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर**

**दफा ३. सम्पत्ति शुद्धीकरण गर्न नहुनेः**

(१) कुनै व्यक्तिले देहायको कुनै कार्य गर्न वा गराउन हुदैन

(क) सम्पत्तिको गैरकानूनी स्रोत (इलिसिट अरिजिन) लुकाउने वा छल्ने वा कसूरमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रूपान्तरण वा हस्तान्तरण गर्ने,

(ख) कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निःसर्ग (डिस्पोजिसन), कारोबार (मुभमेण्ट), स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने, वा

(ग) कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने ।

(२) कुनै व्यक्तिले उपदफा (१) बमोजिमको कुनै कार्यको षडयन्त्र, मद्दत, दुरुत्साहन, सहजीकरण, मतसल्लाह वा उद्योग गर्न वा सम्बद्धता वा सहभागिता जनाउन वा मतियार हुन हुँदैन ।

(३) कसैले उपदफा (१) वा (२) मा उल्लिखित कुनै कार्य गरेमा त्यस्तो कार्य सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर हुनेछ ।

**<u>दफा ३०.</u>** सम्पत्ति शुद्धीकरण तथा आतङ्‌कवादी कृयाकलापमा वित्तीय लगानी गर्नेलाई सजायः

(१) दफा ३ को उपदफा (१) मा उल्लिखित सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गर्ने व्यक्तिलाई बिगोको दोब्बर जरिवाना र कसूरको गाम्भीर्य हेरी दुई वर्षदेखि दश वर्षसम्म कैद हुनेछ ।

(२) दफा ३ को उपदफा (२) मा उल्लिखित सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर मध्ये षडयन्त्र गर्ने व्यक्तिलाई उपदफा (१) बमोजिम र अन्य कसूर गर्ने व्यक्तिलाई उपदफा (१) मा उल्लिखित सजायको आधा सजाय हुनेछ ।

**<u>दफा ३४.</u>** सम्पत्ति वा साधन जफत हुने:

(१) सम्पत्ति शुद्धीकरण तथा आतङ्‌कवादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर प्रमाणित भएमा कसूरसँग सम्बन्धित जो सुकैको नाम, भोग, स्वामित्व वा कुनै पनि प्रकारको स्वार्थ रहे भएको देहायको सम्पत्ति वा साधन जफत हुनेछ :

(क) शुद्धीकरण गरिएको सम्पत्ति,

(ख) सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गर्न प्रयोग गरिएको वा प्रयोग गर्न खोजिएको कसूरसँग सम्बन्धित साधन,

(ग) आतङ्‌कवादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरबाट प्राप्त सम्पत्ति,

(घ) आतङ्‌कवादी कृयाकलापमा वित्तीय लगानीको लागि वा आतङ्‌ककारी कार्य वा आतङ्‌ककारी व्यक्ति, आतङ्‌ककारी संगठनले प्रयोग गरेको वा प्रयोग गर्न छुट्याइएको वा प्रयोग गर्न खोजिएको सम्पत्ति, र

(ङ) आतङ्‌कवादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर गर्न प्रयोग गरिएको वा प्रयोग गर्न खोजिएको साधन ।

**<u>अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरुः</u>**

- प्रस्तुत कसूरमा अन्य कोही कसैको संलग्नता खुली निजहरुको हकमा पछि यकिन वतन सहितको विवरण खुली आएका बखत अनुसन्धान गरी कानुन बमोजिम हुने व्यहोरा समेत अनुरोध छ।.
- ***विमला श्रेष्ठ,चेतन प्रधान र निभिता प्रधानको हकमा हालसम्मको अनुसन्धानबाट निजहरुको प्रस्तुत संपत्ति शुद्धीकरणको कसूरमा संलग्नता रहेको नदेखिएको हुँदा निजहरुको हकमा यस कार्यालयबाट मुद्दा नचलाउने निर्णय भएको व्यहोरा समेत अनुरोध छ।***
- अनुसन्धानको बयान पश्चात्  खोजि भएका बखत हाजिर हुन आउने कागज गराई छाडिएका प्रतिबादी ज्ञानेन्द्रलाल प्रधान खोज तलास गर्दा फेला नपरेको भन्ने प्रहरी प्रतिबेदनबाट खुल्न आएकोले निज अनुपस्थित प्रतिबादीलाई अदालतबाटै म्याद जारी हुन समेत अनुरोध छ।

**सबुद प्रमाण :**

**दशी प्रमाण तथा कसूरसँग सम्बन्ति चिज वस्तुः**

**गवाहः**

**देख्ने,सुन्ने :**

**<u>प्रस्तुत कागजातहरुः</u>**

| सि.नं. | कागजातको विवरण | पाना संख्या |
|---|---|---|
| १. | मूल दर्ता नं. ५५००   मिति २०८०/०२/०१ गतेको उजुरी | ८९ |
| २. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको प्रारम्भिक जाँचबुझ अधिकृत तोकिएको पत्र च.नं.९४७ मिति २०७९/०२/१९ | १ |
| ३. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको प्रारम्भिक जाँचबुझ अधिकृत तोकिएको पत्र च.नं.९९४ मिति २०८०/१०/२६ | १ |
| ४ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको अनुसन्धान अधिकृत तोकिएको सम्बन्धमा पत्र च.नं.१२९५   मिति २०८०/१२/१३ | २ |
| ५. | श्रीकृष्ण सेक्युरिटिज लि.को ट्रांजेक्सन स्टेटमेन्ट र चेतन प्रधान,बिमला श्रेष्ठ प्रधानको शेयर खरिद बिक्री कारोवार | ९ |
| ६. | नेपाल हाइड्रो डेभलोपर लिमिटेडको शेयरधनी दर्ता किताब | १ |
| ७. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाटकम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर,काठमाडौँलाई लेखिएको  पत्र च.नं.६-१-३२३   मिति २०८०/०९/२२ | १ |
| ८. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, काठमाडौँलाई  लेखिएको पत्र च.नं.६-३-३२१  मिति २०८०/०९/२२ | १ |

| | | |
|---|---|---|
| ९. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट श्रीकृष्ण सेक्युरिटी लिमिटेड, डिल्लीबजार, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-१-३२२ मिति २०८०/०९/२२ | १ |
| १०. | नेपाल हाइड्रो डेभलोपर लिमिटेडको मिति २०७८/०५/१३ गते को निर्णय | १ |
| ११. | प्रारम्भिक जाँचबुझ अधिकृत मोहन प्रसाद ढकालले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक समक्ष प्रस्तुत प्रारम्भिक जाँचबुझ प्रतिबेदन मिति २०८०/१२/०७ | ५ |
| १२. | बिमला श्रेष्ठ प्रधानको नेपाल हाइड्रो डेभलोपर लि.को शेयर खरिद/बिक्री कारोवारको विवरण | २२ |
| १३. | सनराइज बैंक लिमिटेडको बिमला श्रेष्ठ प्रधान,निभिता प्रधान र चेतन प्रधानको बैंक स्टेटमेन्ट | ८४ |
| १४. | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड, नयाबनेश्वर, काठमाडौँको मिति १८ जुन २०२४ को पत्र सहितको कागजातहरु | १३ |
| १५. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट नेपाल हाइड्रो डेभलोपर लिमिटेड, डिल्लीबजार, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-६४६ मिति २०८१/०३/०५ | १ |
| १६. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको अनुसन्धान अधिकृत तोकिएको सम्बन्धमा पत्र च.नं.१६१० मिति २०८१/०३/०६ | १ |
| १७. | एनआइसी एसिया बैंक लिमिटेड, थापाथली, काठमाडौँको बैंक खाता नरहेको सम्बन्ध पत्र च.नं. १०७२१ मिति २०८१/०३/०६ | १ |
| १८. | सानिमा बैंक लिमिटेड, नक्साल, काठमाडौँको जानकारी गराइएको सम्बन्ध पत्र च.नं. २८५४ मिति २०८१/०२/३२ | १ |
| १९. | गरिमा बिकास बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौँको जानकारी गराइएको सम्बन्ध पत्र च.नं. १०९७ मिति २०८१/०३/०४ | १ |
| २०. | नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन बिभाग, बालुवाटार, काठमाडौँको विवरण सम्बन्धमा पत्र च.नं.११०१ मिति २०८१/०३/०२ | १ |
| २१. | माछापुच्छ्रे बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौँको जानकारी गराइएको सम्बन्ध पत्र च.नं. ६८३ मिति २०८१/०३/०६ | १ |
| २२. | सिडिएस एण्ड क्लियारिंग लिमिटेड, पुतलीसडक, काठमाडौँको शेयर विवरण उपलब्ध गराइएको सम्बनधमा पत्र सहितको कागजातहरु च.नं.१६५९ मिति २०८१/०१/१० | १० |
| २३. | आइसिएफसि फाइनान्स लिमिटेड, काठमाडौँको विवरण उपलब्ध गराइएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.९६९ मिति २०८१/०३/०६ | २२ |
| २४. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको च.नं.६-३-६५१ मिति २०८१/०३/०९ को पत्र बुझेको भरपाई | १ |
| २५. | ज्योति विकास बैंक लिमिटेड, कमलपोखरी, काठमाडौँको खाताको विवरण उपलब्ध गराइएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.२१४२ मिति २०८१/०३/०५ | २७ |
| २६. | ज्योति विकास बैंक लिमिटेड, कमलपोखरी, काठमाडौँको खाताको विवरण उपलब्ध गराइएको | ७ |

| | | |
|---|---|---|
| | सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.२१०० मिति २०८१/०२/३२ | |
| २७. | गुहेश्वरी मर्चेन्ट बैंकिंग एण्ड फाइनान्स लिमिटेड, काठमाडौँको विवरण पठाइएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.३०७५ मिति २०८१/०२/३२ | ६ |
| २८. | ज्योति विकास बैंक लिमिटेड, कमलपोखरी, काठमाडौँको खाताको विवरण उपलब्ध गराइएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.२१०० मिति २०८१/०२/३२ | १२ |
| २९. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-६४९ मिति २०८१/०२/२९ | १ |
| ३०. | ग्लोबल आइएमई बैंक लिमिटेड, कमलादी, काठमाडौँको विवरण उपलब्ध गराइएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.११४५५ मिति २०८१/०३/१० | ९ |
| ३१. | कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौँको विवरण उपलब्ध गराइएको सम्बन्धमा पत्र च.नं.३४४८ मिति २०८१/०३/१७ | ३ |
| ३२. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको आ.व. २०८०/०८१ च.नं.६-३-५१९१ र ६-३-५१८ को पत्र बुझेको भरपाई | २ |
| ३३. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट सिडिएस एण्ड क्लियारिंग लिमिटेड, पुतलीसडक, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-५१८ मिति २०८०/१२/१९ | १ |
| ३४. | आइसिएफसि फाइनान्स लिमिटेड, काठमाडौँको विवरण उपलब्ध गराइएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.९३४ मिति २०८१/०२/३० | १ |
| ३५. | माछापुच्छ्रे बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौँको जानकारी गराइएको सम्बन्ध पत्र च.नं. ६६० मिति २०८१/०२/३१ १ | १ |
| ३६. | महालक्ष्मी बिकास बैंक लिमिटेड, दरबारमार्ग, काठमाडौँको जानकारी पठाइएको बारे पत्र च.नं. ११८४ मिति २०८१/०२/२९ | १ |
| ३७. | गुडविल फाइनान्स लिमिटेड, हात्तिसार, काठमाडौँको विवरण उपलब्ध गरिएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.१९९० मिति २०८१/०२/३१ | ११ |
| ३८. | प्रभु बैंक लिमिटेड, बबरमहल, काठमाडौँको विवरण उपलब्ध गराइएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.५४१४/४६०३ मिति २०८१/०२/३१ | १२ |
| ३९. | नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन बिभाग, बालुवाटार, काठमाडौँको विवरण सम्बन्धमा पत्र च.नं.१०७७ मिति २०८१/०२/२९ | १ |
| ४०. | साइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड, बुटवलको जानकारी उपलब्ध गराइएको सम्बन्धमा पत्र च.नं.६००० मिति २०८१/०२/३० | १ |
| ४१. | मालपोत कार्यालय, काभ्रेपलान्चोकको ज्ञानेन्द्र लाल प्रधानको जग्गा बिवरण | १ |
| ४२. | कुमारी बैंक लिमिटेड, टंगाल, काठमाडौँको खाताको विवरण सम्बन्धमा पत्र च.नं.८९७८ मिति २०८१/०२/२९ | १ |

| | | |
|---|---|---|
| ४३. | गरिमा बिकास बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौँको जानकारी गराइएको सम्बन्धमा पत्र च.नं.१०६२ मिति २०८१/०२/३० | १ |
| ४४. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट भूमी व्यवस्थापन तथा अभिलेख बिभाग, बबरमहल, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-६१९ मिति २०८१/०२/२९ | १ |
| ४५. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन बिभाग, बालुवाटार, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-६१८ मिति २०८१/०२/२९ | १ |
| ४६. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट एनएमबी क्यापिटल मार्केट लिमिटेड, सुवर्ण समसेर मार्ग,काठमाडौँको विवरण उपलब्ध गराइदिने सम्बन्धमा पत्र च.नं.६-३-६१७ मिति २०८१/०२/२९ | १ |
| ४७. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, कमलपोखरी, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-६१५ मिति २०८१/०२/२९ | १ |
| ४८. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-६१५ मिति २०८१/०२/२९ | १ |
| ४९. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट एनआइसी एसिया क्यापिटल मार्केट लिमिटेड, थापाथली, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-६१४ मिति २०८१/०२/२९ | १ |
| ५०. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट श्री कृष्ण सेक्युरिटिज, डिल्लीबजार, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-६१३ मिति २०८१/०२/२९ | १ |
| ५१. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन बिभाग, बालुवाटार, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-६०२ मिति २०८१/०२/२८ | १ |
| ५२. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट भूमी व्यवस्थापन तथा अभिलेख बिभाग, बबरमहल, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-६०४ मिति २०८१/०२/२८ | १ |
| ५३. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-६०३ मिति २०८१/०२/२८ | १ |
| ५४. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट लक्ष्मी सनराइज बैंक लिमिटेड, कमलपोखरी, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-५६४ मिति २०८१/०१/३० | १ |
| ५५. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट लक्ष्मी सनराइज बैंक लिमिटेड, कमलपोखरी, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-५६३ मिति २०८१/०१/३० | १ |
| ५६. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट लक्ष्मी सनराइज बैंक लिमिटेड, कमलपोखरी, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-५६२ मिति २०८१/०१/३० | १ |
| ५७. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-५७७ मिति २०८१/०२/०४ | १ |
| ५८. | कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौँको विवरण उपलब्ध गराइएको सम्बन्धमा पत्र | ४ |

| | | |
|---|---|---|
| | सहितको कागजातहरु च.नं.३०१२ मिति २०८०/०२/१४ | |
| ५९. | एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौँको शेयर बिवरण खुलाईइ जानकारी गराइएको सम्बन्धमा पत्र च.नं.३६५९ मिति २०८१/०३/०५ | ५ |
| ६०. | ग्लोबल आइएमई बैंक लिमिटेड, कमलादी, काठमाडौँको विवरण खुलाई पठाइएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.१११९७ मिति २०८१/०३/०४ | १७ |
| ६१. | प्रभु बैंक लिमिटेड, बबरमहल, काठमाडौँको विवरण उपलब्ध गराइएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.५५२८/४७०२ मिति २०८१/०३/०५ | १ |
| ६२. | गुडविल फाइनान्स लिमिटेड, हात्तिसार, काठमाडौँको विवरण उपलब्ध गरिएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.२०२२/११५९११-१२ मिति २०८१/०३/०५ | ९ |
| ६३. | गुडविल फाइनान्स लिमिटेड, हात्तिसार, काठमाडौँको विवरण उपलब्ध गरिएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.२०२३/११५९०९-१० मिति २०८१/०३/०५ | १२ |
| ६४. | गुडविल फाइनान्स लिमिटेड, हात्तिसार, काठमाडौँको विवरण उपलब्ध गरिएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.२०२३/११५९१३-१४ मिति २०८१/०३/०५ | १३ |
| ६५. | हिमालयन बैंक लिमिटेड कमलादी, काठमाडौँको खाता बिवरण सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.२०३१ मिति १९ जुन २०२४ | १७७ |
| ६६. | माना छुट्टिएको लिखत | ३ |
| ६७. | नबिल बैंक लिमिटेड दरबारमार्ग, काठमाडौँको जानकारी सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.४५४ मिति जुन २३ २०२४ | ३४ |
| ६८. | नबिल बैंक लिमिटेड, दरबारमार्ग, काठमाडौँको खाताको विवरण उपलब्ध गराइएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.४५७ मिति २१ जुन २०२४ | १५ |
| ६९. | नबिल बैंक लिमिटेड, दरबारमार्ग, काठमाडौँको खाताको विवरण उपलब्ध गराइएको सम्बन्धमा पत्र च.नं.४५१ मिति २१ जुन २०२४ | १ |
| ७०. | प्राइम कमर्सियल बैंक लिमिटेड, कमलपोखरी, काठमाडौँको जानकारी गराइएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.१४७०५ मिति २०८१/०३/१२ | १ |
| ७१. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौँलाई लेखिएको पत्र च.नं.१२-१-१५२ मिति २०८१/०३/११ | १ |
| ७२. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट लक्ष्मी सनराइज बैंक लिमिटेड, हात्तिसार, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-६५५ मिति २०८१/०३/१० | १ |
| ७३. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट लक्ष्मी सनराइज बैंक लिमिटेड, हात्तिसार, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-६५४ मिति २०८१/०३/१० | १ |
| ७४. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट लक्ष्मी सनराइज बैंक लिमिटेड, हात्तिसार, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-६५३ मिति २०८१/०३/१० | १ |

| | | |
|---|---|---|
| ७५. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट लक्ष्मी सनराइज बैंक लिमिटेड, हात्तिसार, काठमाडौँलाई लेखिएको पत्र च.नं.६-३-६५२ मिति २०८१/०३/१० | १ |
| ७६. | कुमारी बैंक लिमिटेड, टंगाल, काठमाडौँको खाताको विवरण सम्बन्धमा पत्र च.नं.९१४५ मिति २०८१/०३/०४ | १ |
| ७७. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट सिडिएस एण्ड क्लियारिंग लिमिटेड, पुतलीसडक, काठमाडौँलाई लेखिएको पत्र च.नं. ६-३-१ मिति २०८१/०४/०३ | १ |
| ७८. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट सिडिएस एण्ड क्लियारिंग लिमिटेड, पुतलीसडक, काठमाडौँलाई लेखिएको पत्र च.नं. ६-३-९ र ६-३-१० मिति २०८१/०४/११ र २०८०/०४/१६ | २ |
| ७९. | नेपाल हाइड्रो डेभलोपर लि.को विवरण उपलब्ध गराइएको बारे पत्र सहितको कागजातहरु च.नं.५३ मिति २०८१/०३/०९ | ५ |
| ८०. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष चेतन प्रधानले गरिदिएको बयान मिति २०८१/०३/२६ | ४ |
| ८१. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष बिमला श्रेष्ठ प्रधानले गरिदिएको बयान मिति २०८१/०३/२६ | ५ |
| ८२. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृतको चेतन प्रधानलाई गरिएको आदेश मिति २०८१/०३/२६ | १ |
| ८३. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृतको बिमला श्रेष्ठ प्रधानलाई गरिएको आदेश मिति २०८१/०३/२६ | १ |
| ८४. | बिमला श्रेष्ठ प्रधान र चेतन प्रधानको Fund Movement status | १ |
| ८५. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष निभिता प्रधानले गरिदिएको बयान मिति २०८१/०३/२६ | ४ |
| ८६. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृतको निभिता प्रधानलाई गरिएको आदेश मिति २०८१/०३/२६ | १ |
| ८७. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष ज्ञानेन्द्रलाल प्रधानले गरिदिएको बयान मिति २०८१/०३/२५ | ५ |
| ८८. | सांग्रिला डेभलोपर प्रा.लि.को प्रबन्ध पत्र नियमावली कम्पनी दर्ता प्रमाण पत्र कर चुक्ता विवरण, संचालक समितिको बैठकको निर्णय लगायतका कागजातहरु | २० |
| ८९. | कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौँको विवरण उपलब्ध गराइएको सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.३४५२ मिति २०८१/०३/१८ | ३३ |
| ९०. | बिमला श्रेष्ठ प्रधान, निभिता प्रधान र चेतन प्रधानको Fund Movement status | ३ |
| ९१. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृतको ज्ञानेन्द्रलाल प्रधानलाई | १ |

| | | |
|---|---|---|
| | गरिएको आदेश मिति २०८१/०३/२४ | |
| ९२. | बिभिन्न फर्म तथा कम्पनीको शेयर लागत बिवरण तथा कम्पनी दर्ता प्रमाणपत्र | २७ |
| ९३. | भूमी सुधार तथा मालपोत कार्यालय, लगनखेल, ललितपुरको विवरण सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.९७८ मिति २०८१/०४/१८ | ३ |
| ९४. | ज्ञानेन्द्रलाल प्रधान, बिमला श्रेष्ठ प्रधान, चेतन प्रधान र निभिता प्रधानको जग्गा राजिनामा लिखत कागज र उक्त राजिनामा कागजबाट जग्गा कित्ताको खरिद विवरण तथा कागजातहरु | १३ |
| ९५. | अनुसन्धान अधिकृत शिवहरी पोखरेल र मोहन प्रसाद ढकालले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक समक्ष पेश गरेको अनुसन्धान प्रतिबेदन मिति २०८१/०४/२७ | ४५ |
| ९६. | जालसाजीको शेयर कारोवार गरेको अवधीको विवरण | २ |
| ९७. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट सिडिएस एण्ड क्लियारिंग लिमिटेड, पुतलीसडक, काठमाडौँलाई लेखिएको पत्र च.नं. १२-१६ मिति २०८१/०४/२७ | १ |
| ९८. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट सिडिएस एण्ड क्लियारिंग लिमिटेड, पुतलीसडक, काठमाडौँलाई लेखिएको पत्र च.नं. १२-१७ मिति २०८१/०४/२७ | २ |
| ९९. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट सिडिएस एण्ड क्लियारिंग लिमिटेड, पुतलीसडक, काठमाडौँलाई लेखिएको पत्र च.नं. १२-१८ मिति २०८१/०४/२७ | १ |
| १००. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट सिडिएस एण्ड क्लियारिंग लिमिटेड, पुतलीसडक, काठमाडौँलाई लेखिएको पत्र च.नं. १२-१९ मिति २०८१/०४/२७ | १ |
| १०१. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौँलाई लेखिएको पत्र च.नं. १२-२० मिति २०८१/०४/२७ | १ |
| १०२ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्र र प्रहरी प्रतिवेदन समेत | २ |

**यो अभियोगपत्रबाट प्रस्तुत मुद्दाको कारवाही शुरु गर्न अनुरोध गरिन्छ ।**

**कार्यालयको छापः**

**सरकारी वकीलकोः**

**दस्तखतः**
**नामः सीताराम अर्याल**
**दर्जाः जिल्ला न्यायाधिवक्ता**
**कार्यालयःजिल्ला सरकारी वकील कार्यालय काठमाण्डौं**
**मितिः२०८१।०८।२८।६**